लेखापरीक्षण प्रतिवेदन

माई नगरपालिका, इलाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

माई नगरपालिका, इलाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/111

श्रीमान् नगरप्रमुखज्यू ,
माई नगरपालिका,नगरकार्यपालिकाको कार्यालय
सितली, इलाम ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/111

मिति : २०८३-१-२८

श्रीमान् नगरप्रमुखज्यू,
माई नगरपालिका,नगरकार्यपालिकाको कार्यालय
सितली, इलाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु.१ अर्व ३५ करोड ४८ लाख ८७ हजारको लेखापरीक्षणबाट रु. २ करोड १८ लाख ५१ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड २३ लाख ८६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १३ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु. ७७ लाख ३० हजार र पेश्की बाँकी रु. ५० हजार गरी जम्मा रु.९४ लाख ६३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ४७ करोड ८५ लाख ५३ हजारमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ४८ करोड ८० लाख १६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
११६	७१	२,१८,५१,२७०	०	४४	१,२३,८७,७६१	०	११६	२७	९४,६३,५०९	१३,२०,६७४	७७,३०,१३५	३,६२,७००	०	०	८०,९२,८३५	५०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
इलाम	४९,५८,६२,०००	०	१,७३,०८,६९५	४७,८५,५३,३०५	०	९४,६३,५०९	४८,८०,१६,८१४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट फस्यौंट				
१	२०८१/८२	९४	सामुदायिक वन राजस्व न्यून दाखिला -	२१,०४,७५३
२	२०८१/८२	९९.६	शिक्षातर्फ -	६९,६३२
३	२०८१/८२	१११	मृत्यू पश्चातको भुक्तानीः	८३,०४७
४	२०८१/८२	७०	मूल्य अभिवृद्धि कर कट्टीः	७४,९८७
५	२०८१/८२	८७	मू.अ.कर-	३,७८,५१५
६	२०८१/८२	६५	मु.अ.कर समायोजन-	२१,९८४

७	२०८१/८२	८९	मनोरञ्जन कर –	५,७५२
८	२०८१/८२	६४	तालिम कार्यक्रम सञ्चालनः	५८,१४०
९	२०८१/८२	१०१.२	ठेक्का नं. MN/NCB/Works /०८/०७९-८०	९४,९०,९५१
१०	२०८१/८२	७६	आधारभुत स्वास्थ्य चौकी व्यवस्थापनः	१,००,०००
			जम्मा	१,२३,८७,७६१
संपरीक्षणबाट फस्र्यौट				
११	२०८०/८१	१३०	सामुदायिक वन राजस्व न्यून दाखिला	१४,८६,८७६
१२	२०८०/८१	१०१	सामाजिक सुरक्षा भत्ता मौज्दात	४५,५२०
१३	२०८०/८१	१०२	साना सिचाई आयोजना	५,६९,५६८
१४	२०८०/८१	१३३	विभाज्य कोषको रकम बाडफाँड	३,९२,९७४
१५	२०८०/८१	९४	वढी दरमा बैठक भत्ता भुक्तानी	४०,६००
१६	२०८०/८१	५५	रितपूर्वक कर बिजक	१,१३,३८३
१७	२०८०/८१	१२७	राजस्व वाँडफाँड	२४,५०८
१८	२०८०/८१	१३०	राजस्व दाखिला	२८,७००
१९	२०८०/८१	८४	महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका	११,०९,२००
२०	२०८०/८१	४	बैङ्क हिसाब विवरण	७५,०९७
२१	२०८०/८१	८७	बरवुझारथ नगरेको जिन्सी	८१,१४९
२२	२०८०/८१	४०	फरक खर्च शिर्षक	६,२५,०००
२३	२०८०/८१	७६	फरक कार्यक्रमा भुक्तानी	७,६०,४५६
२४	२०८०/८१	८१	प्रोत्साहन भत्ता	१९,६९,५९७
२५	२०८०/८१	९०	प्रोत्साहन भत्ता	१,२५,४२४
२६	२०८०/८१	३६	प्रदेश समपुरक अनुदान	४३,०९,९५७
२७	२०८०/८१	६४	पेश्की भुक्तानी	३,००,०००
२८	२०८०/८१	२२	नामनामेसी नखुलेको धरौटी	३,२०,०८०
२९	२०८०/८१	३९	नपाउने खर्च	३७,४००
३०	२०८०/८१	३७	थप कर्मचारी पारिश्रमिक	५,०६,०००

३१	२०८०/८१	५१.२	जनसिद्ध मावी भवन निर्माण	९,६७,५००
३२	२०८०/८१	१०३	गोठ सुधार तथा खोर सुधार कार्यक्रम	१७,८०,०००
३३	२०८०/८१	७४	कार्यक्रम विपरित खर्च	७,९८,९४८
३४	२०८०/८१	५८	कर विजक	१,१९,३६८
३५	२०८०/८१	२४	इन्टरनेट व्यवस्थापन अनुदान	२४,०००
३६	२०८०/८१	५४.७	१५ शैय्या अस्पताल निर्माण	६,९७,३९०
			जम्मा	१,७३,०८,६९५
जम्मा				२,९६,९६,४५६

माई नगरपालिका, इलाम

(८०१०३४०३३००)

माई नगरपालिका , इलाम

परिचय

१

(क) कार्यालय परिचय :-शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १०वडा, ५४ सभा सदस्य, २६४.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०,७३२ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०८।०५ देखि २०८२ ।०८।०९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्यायतर्फ रु.१ अर्व ३५ करोड ४८ लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६१४४६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

बैंक । दाखिला स्थान	दाखिला भौचर नं.	रकम	दाखिला मिति	प्रयोजन
सानिमा बिकास बैंक लि.	१२०३२२२५६७४	८५०	०८/०३/२०८२	बैठक भत्ता
सानिमा बिकास बैंक लि.	१२०३२२२५७१४	८५०	०८/०३/२०८२	बैठक भत्ता
सानिमा बिकास बैंक लि.	१२०३२२२५६६१	८५०	०८/०३/२०८२	बैठक भत्ता
सानिमा बिकास बैंक लि.	१२०३२२२५५३४	५०००	०८/०३/२०८२	सुत्केरी स्यहार भत्ता
सानिमा बिकास बैंक लि.	१२०५२२५१	१०१०	०८२।८।२५	प्रशिक्षक भत्ता
नेपाल बैंक लि.	९११६५४७९	८४५६	२०८२।०९।१६	अग्रिम कर
माई नगरपालिका	१२०३२२३३८६३	८१६०	२०८२।०९।१६	तालिम कार्यक्रम नर्म्सभन्दा बढी
माई नगरपालिका	१२०३२२३३८५६	१३६००	२०८२।०९।१६	बैठक भत्ता
माई नगरपालिका	१२०१२२५१६	२२६७०	२०८२।०९।१६	बढी भुक्तानी
	जम्मा	६१४४६		

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ । तर पालिकाको लागि अन्तर सरकारी अख्तियारी मार्फत निकासा भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२९०४०५६३, , विद्यालय क्षेत्र सुधार योजनाको रु.३०००,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१,३१,०६,००० र एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु.२३,८५,००० समेत गरी रु.१४,५२,५७,१६० सुत्रमा लेखाङ्कन नगरेको रकम लेखापरीक्षण अंकमा समावेश गरिएको छ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

स्थानीय तहको कोष तर्फ (परिषद्ले योजना बाँडफाँट गरी कार्यान्वयन गर्ने बजेट)					
आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
			कुल चालु खर्च (सुत्र प्रणालि अनुसार)		३५, २७ , ४६ , ३६८.५२
			कुल पुजिगत खर्च (सुत्र प्रणालि अनुसार)		१२, २५ , ४८ , २३०.००
गत वर्षको मौज्दात		४६२१९११०.४४	चालु खर्च (प्रशासनिक खर्च।	९४४४३४३२.५२	
१. संचित कोष	१४८८४१४२.६९		चालु खर्च (संघीय र प्रदेश सरकारका कार्यक्रम तर्फ स्रोत व्यहोर्नु पर्ने दायित्व खर्च)	०	
२. धरौटी	२०६००७८१.१८		पुँजीगत खर्च (प्रशासनिक)	४३१४४५३	
३. कार्यसञ्चालन कोष	१०७३४१८६.५७		पूँजीगत खर्च (संघीय र प्रदेश सरकारका आयोजना तर्फ स्रोत व्यहोर्नु पर्ने। म्याचिङ्ग फण्ड	१६८२४६५०	
४. अन्य कोष	०		पुँजीगत खर्च (सार्वजनिक निर्माण। सडक, सिँचाइ, खानेपानी लगायत	७१३५९३६६	
यस वर्षको आय		२६६८९७८९५.६२	कार्यक्रम खर्च	५१६९७४१३	
१. आन्तरिक आय	१५६४७८८३.२२		अन्य खर्च	०	
२. समानीकरण अनुदान (संघ)	१०५३४०४८०.		ऋण फिर्ता (साँवा)	०	
३. समानीकरण अनुदान (प्रदेश)	७०८९०००.		ऋणको व्याज भुक्तानी	०	
४. राजस्व बाँडफाँट (संघ)	१०७८२१४८७.२		धरौटी फिर्ता तथा सदर स्याहा	१०९७६५८७	
५. राजस्व बाँडफाँट (प्रदेश)	८३९९३८६.०७		कार्यसञ्चालन कोषवाट भएको खर्च	१४५८५६६६.३९	
६. रोयल्टी बाँडफाँट	२०६७४४७.७६		अन्य कोषबाट भएको खर्च		
७. ऋण वित्तीय व्यवस्था	०		आर्थिक वर्षको अन्त्यमा मौज्दात		४८९१५४३८.१५
८. अन्य आय	०		संचित कोषको मौज्दात	२२६१०५१२.४३	
९. धरौटी आय	२७६३२३८.		धरौटी	१२३८७४३२.१८	
१० कार्यसञ्चालन कोष आय	१७७६८९७३.३६		कार्यसञ्चालनकोष	१३९१७४९३.५४	
११. अन्यकोषको	०		अन्यकोष	०	

आय					
जम्मा		३१३११७००६.०६	जम्मा		३१३११७००६.०६
संङ्घीय तथा प्रदेश सरकारको शशर्त तथा अन्य अनुदान र अन्तर सरकारी अख्तियारी तर्फ					
विवरण	रकम	रकम	विवरण	रकम	रकम
संघीय सरकार अनुदान		३८३४९०८४६.८८	संघीय सरकार अनुदान		३८३४९०८४६.८८
१. सशर्त अनुदान	२३५२९२४२८.		१. सशर्त अनुदान	२११२८०८३२	
२. समपुरक अनुदान	५५०००००.		२. समपुरक अनुदान	३५०१६५९	
३. विशेष अनुदान	०		३. विशेष अनुदान	०	
४. अनुदान	०		४. अनुदान फिर्ता संघ	२६००९९३७	
५. अन्तर सरकारी अख्तियारी (संघ)	१४२६९८४१८.८८		५. अन्तर सरकारी अख्तियारी (संघ)	१४२६९८४१८.८८	
प्रदेश सरकार अनुदान		२८४०३०००	प्रदेश सरकार अनुदान		२८४०३०००
१. सशर्त अनुदान	१५४०३०००.		१. शशर्त अनुदान	१४२८०६१२	
२. समपुरक अनुदान	१३००००००.		२. समपुरक अनुदान	७५९२१८१	
३. विशेष अनुदान	०		३. विशेष अनुदान	०	
४. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		४. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०	
गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०		गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	
वैदेशिक सहयोगमा प्राप्त सञ्चालित योजना			वैदेशिक सहयोगमा सञ्चालित योजना	०	
अन्य आय भएमा	०		अनुदान फिर्ता प्रदेश	६५३०२०७	
जम्मा		४११८९३८४६.८८	जम्मा		४११८९३८४६.८८
कुल जम्मा		७२५०१०८५२.९४	कुल जम्मा		७२५०१०८५२.९४

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण

(म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार रू.४,८९,१५,४३८.१५ र बैङ्क अनुसार मौज्दात रू.४,८९,१५,४३८.१५ मौज्दात रहेको छ ।

बैंकको नाम	खाता नं	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
सानिमा बैंक लि.	०५२०१००४००००१०	ग २.७, विविध खर्च खाता	५५,७७,०८७.००	५५,७७,०८७.००
सानिमा बैंक लि.	०५२०१००२०००००८	ग ३.१, स्थानीय तह धरौटी खाता	१,२३,८७,४३२.१८	१,२३,८७,४३२.१८
सानिमा बैंक लि.	०५२०१००२०००००५	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	२,२६,१०,५१२.४३	२,२६,१०,५१२.४३
सानिमा बैंक लि.	०५२०१००४००००११	ग ५.१, स्थानीय तह विविध कोष खाता	७२,००,७१६.५४	७२,००,७१६.५४
सानिमा बैंक लि.	०५२०१००२००००११	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	११,३९,६९०.००	११,३९,६९०.००
		जम्मा	४,८९,१५,४३८.१५	४,८९,१५,४३८.१५

४ **जिम्मेवारी फरक परेको** –

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.३,३९,१३,४३९.४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.४,६२,१९,११०.४४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,२३,०५,६७१.४ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । साथै सुत्रको अनुसुचि २७० बमोजिम गत बर्षको मौज्दात रु.४,६२,८०,३८०.४४ रहेकोमा कार्यालयले पेश गरेको एकिकृत विवरण अनुसार रु.४,६२,१९,११०.४४ रहेकोमा घटी रु.६१,२७० को सम्बन्धमा विभाज्य कोषको अल्या आम्दानी बाँध्न नमिलेको कारण फरक परेको उल्लेख गरेको छ । स्थानीय सञ्चित काषको अभिलेखको यथार्थ लेखाङ्कन गर्नुपर्दछ ।

५ **फरक हिसाब** -

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. 270) ले सबै कारोवार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोवार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुवै विवरणको तुलना अन्तरसरकारी अख्तियारी मार्फत निकासा र खर्च भएको रकमका कारण देहायअनुसार गत बर्षको जिम्मेवारीमा रु.६१,२७०, यस वर्षको प्राप्ती रु. १४,५२,५७,१६० र यस वर्षको भुक्तानी रु. १४,२६,९८,४१८.८८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पुर्ण आर्थिक कारोवारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैंक मौज्दात
म.ले.प.फा.२७०	४,६२,८०,३८०.४४	४८,३०,२०,९६८.२६	४७,५२,९४,५९८.५२	४,८९,१५,४३८.१५
एकिकृत वित्तीय विवरण अनुसार	४,६२,१९,११०.४४	६२,८२,७८,१२८.२६	६१,७९,९३,०१७.४	४,८९,१५,४३८.१५
फरक	६१२७०	१४,५२,५७,१६०	१४,२६,९८,४१८.८८	०

६ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.१,५६,४७,८८३.२२,राजस्व बाँडफाँडबाट रु. अनुदानबाट रू.११,८२,८८,३२१.०३ तथा अन्य प्राप्तीवाट रू.४०,२१,५६,११९.३६ लगायत रू.५३,६०,९२,३२३.६१ प्राप्ती भएकोमा चालु तर्फ रु.३५,२७,४६,३६८.५२ तथा अन्यकोष तर्फको भुक्तानी रू.१,४५,८५,६६६.३९ र पुँजीगत तर्फ रू.१२,२५,४८,२३० समेत रु.४८,९८,८०,२६४.९१ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ३.१९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ७४.२१ प्रतिशत चालु र २५.७९ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च

भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

७ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट शीर्षक उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु . हजार मा)				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
जम्मा खर्च	१२२५४८	५२९९	८९४८	४१९२६	६६३७५	४३४०८
खर्च प्रतिशत	१००	४.३२	७.३	३४.२१	५४.१७	३५.४२

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१२ करोड २५ लाख ४८ हजार पूँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.५२ लाख ९९ हजार (४.३२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८९ लाख ४८ हजार (७.३० प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड १९ लाख ३६ हजार (३४.२१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.६ करोड ६३ लाख ७५ हजार (५४.१७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ३४ लाख ०८ हजार (३५.४२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। नियममा भएको व्यवस्थाअनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनेगरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकरुपमा सन्तुलित तवरले खर्च व्यवस्थापन गरिनुपर्दछ।

८ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष नगर प्रमुखको सचिवालय खर्च शीर्षकमा रू.११,९९,६९२, नगर उप-प्रमुखको सचिवालय खर्चमा रु.४,४७,७२५ समेत रू.१६,४७,४१७ नगर प्रमुख र उप-प्रमुखको तोक आदेशमा खर्च गरेको देखियो । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ समेतलाई ख्याल नगरी पछि बाँडफाँड हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न कार्यक्रममा खर्च गरेको छ। यसरी बजेट अबण्डामा राखी तोक आदेशमा खर्च गर्ने गरेको देखियो। बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

९ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पुँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष निम्नानुसार एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो।जस अनुसार कुल रू.४ करोड ८८ लाख ७९ हजार २१९ बजेट रकमान्तर भएको देखियो। बजेट रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

घट कायम भएको		थप कायम भएको	
कार्यक्रम	रकम	कार्यक्रम	रकम
विभिन्न ७८	४, ६४ , ७९ , २९१.	विभिन्न १०३	४, ८८ , ७९ , २९१

१० **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट

प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

सि.नं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	६, १७ , ०८ , ०००	३, ४० , ८७ , १२०	७.१७
२	पूर्वाधार विकास	१०, ७० , ७० , ०००	६, ६३ , ०५ , ३४४	१३.९५
३	समाजिक विकास	३०, २८ , ७५ , ००१	२५, ९६ , ९८ , १००	५४.६४
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३७, ६० , ०००	२२, ४९ , २८२	०.४७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३, २२ , ०२ , ०००	११, २९ , ५४ , ७५२.५२	२३.७७
	जम्मा	६०, ७६ , १५ , ००१	४७, ५२ , ९४ , ५९८.५२	१००

उल्लिखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये समाजिक विकास मा सबैभन्दा बढी ५४.६४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी ०.४७ प्रतिशत खर्च रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दीर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शीर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

११ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको लगायतको अवस्था देखिएकोले सार्वजनिक स्रोतको प्रभावकारी रुपमा उपयोग गर्न नसकेको अवस्था छ । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन ।

वजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको,

• शहरीकरण भईरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीयस्तरमा उपलब्ध हुने निर्माण सामाग्री ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पूर्णरुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फाराममा प्रत्येक योजनामा कैफियत देखिए र सोको सुधारका लागि गरिएका प्रयास पुष्ट्याइ हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी नराखेको,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्णरूपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, निशुल्क छात्रवृत्ति, वर्गीकरण, लेखापरीक्षणको अबस्थासमेतको अभिलेख व्यवस्थित गरी राखेको र अनुगमन मुल्याँङ्कन गरी अद्याबधिक अभिलेख तयार गरी राखेको नदेखिएको,

विविधतर्फ

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेकोले अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दोहोरो पर्न गएको छ सोको यकिन गर्न सक्ने अवस्था नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र कार्यक्रमसहितको यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको,

• यस पालिकामा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
पालिका अन्तर्गतका स्थायी कर्मचारीहरु अन्यत्रबाट सरुवा लिएर आउँदा निजको नाममा तलबी प्रतिवेदन पारित भए नभएको खुल्ने अभिलेख पेश गरेको छैन ।
• पालिकाबाट सरुवा भई जाने, अवकाश हुने, बढुवा हुने तथा स्तरवृद्धी हुने कर्मचारीहरुको विवरण अद्ययावधिक नराखेको हुँदा त्यस्ता खर्चलाई नियन्त्रण गर्न सकिएन ।
• स्वास्थ्य कार्यक्रम अन्तर्गतका भत्ता प्राप्त गर्ने सेवाग्राहीहरुको वैधानिकता पुष्टी गर्ने थप विवरणहरु जस्तै नागरिकता, फोटो, मोबाईल नम्बर तथा ठेगाना आदि उल्लेख गरेको छैन ।
• अधिकांश खरिद कार्यमा खरिद आदेश मिति तथा खरिद दाखिला मिति एउटै भएको हुँदा खरिद कार्यमा विश्वनियता कायम भएन ।
• स्वास्थ्य वीमा, लगायतका विविध कार्यक्रमबाट खरिद गरिएको औषधी तथा औषधीजन्य सामाग्रीहरुको जिन्सी दाखिला पालिकामा नभई अस्पताल आफैले गरेको विवरण पेश भइ आएको तथा त्यहाँबाट संचित औषधी तथा औषधीजन्य सामाग्रीहरुको खपत भएको भनाई पालिकाले राखेको

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं २०२ को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्रका आधारमा भुक्तानी गर्नुपर्नेमा सबै भुक्तानीमा सो वेहोरा पालना गरेको पाइएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,
अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१२ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६.(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, स्रोत साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षे त्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समितिको गठन गरेता पनि ऐनमा भएको व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१३ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७.(१) मा ४ प्रकारका बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१४ **नीति, कार्यक्रम तथा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजनासमेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक बर्ष २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका सबै योजना/कार्यक्रम कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ ।

(क) बजेट (विनियोजन ऐन) मा समाबेश नभएका नीति तथा कार्यक्रम

क्र सं	नीति तथा कार्यक्रमको बुँदा नं	नीति तथा कार्यक्रमको वेहोरा
१	आर्थिक विकास सम्बन्धी नीति	· पशुहरुको हेरचाह र उपचारका लागि सहज हुने गरी महमाई र चिसापनी क्षेत्रमा पशु प्राविधिक कर्मचारी , औजार उपकरण सहितको पशु सेवा केन्द्र स्थापना गर्ने,
		· महमाई र चिसापानी क्षेत्रमा कृषि प्राविधिक कर्मचारी , सामाग्री सहितको कृषि सेवा केन्द्र स्थापना गर्ने,
		· सामुदायिक स्थानीय उत्पादन प्रबर्द्धनका लागि कृषि विक्री केन्द्र संचालन गर्ने,
		· सहकारीहरुको नियमित अनुगमन मूल्यांकनलाई नियमित र व्यवस्थित गर्ने,
		· नगरपालिका क्षेत्र भित्र रहेका उद्योग , व्यापार , व्यवसाय , संघसंस्थालाई कानूनी दायरमा ल्याएर दर्ता , नविकरण तथा नियमन गर्ने ।
२	सामाजिक विकास सम्बन्धी नीति	· नमुना विद्यालय , प्राविधिक शिक्षालाई स्थापना गरी संचालनको लागि पहल गर्ने,
		विद्यालयहरुमा विद्युतीय हाजिरी मेसिन जडान गरि विद्यालयमा शिक्षक उपस्थितिलाई व्यवस्थित गर्ने
३	भौतिक पूर्वाधार विकास सम्बन्धी नीति	प्रत्येक वडामा कम्तिमा ६ किलोमिटर नाली सहित बाटो स्तरउन्नती गर्ने,
४	वन वातावरण तथा विपद व्यवस्थापन	वन क्षेत्रको विकासका लागि सामुदायिक वनसँगको साझेदारी कार्यक्रम सञ्चालन गर्ने,
		जैविक विविधताको संरक्षणको लागि सुचना व्यवस्थापन प्रणालीको विकास गर्ने
		नीजि तथा कृषि वन प्रबर्द्धनका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्ने
		माई वजारी क्षेत्रबाट उत्सर्जित फोहोरहरुलाई उपयुक्त डम्पिङ साईटको व्यवस्था गरि विर्सजन गर्ने,
५	सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति	नगरपालिकाको एकै ठाउँबाट सम्पूर्ण जानकारी प्राप्त हुने गरी डिजिटल नगर प्रोफाइल निर्माण गर्ने ।

ख)बजेट (विनियोजन ऐन) मा समाबेश भई कार्यान्वयन नभएका योजना/कार्यक्रम

क्र सं	बजेट खर्च शीर्षक	बिनियोजन बजेट रु.
१	पेट्रोल पम्प छेउ कल्भर्ट मुहान राखी गरुवा वगर सिचाइ योजना	६,२८,०००
२	भर्जने गाउँ खानेपानी	२,००,०००
३	सुखानी अध्यन केन्द्र व्यवस्थान	८,००,०००
४	शुक्रवारेस्थित कोलस्टोर सञ्चालन वडा नं ४	५,००,०००

नीति तथा कार्यक्रममा उल्लिखित विषयहरुलाई प्राथमिकतामा राखी बजेटमा समावेश गर्ने र बजेटमा समाबेश भएका योजना/ कार्यक्रम कार्यान्वयन गर्ने व्यबस्था हुनुपर्दछ ।

१५ गत वर्षको भुक्तानीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ। पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.६६ लाख ३२ हजार ८९१ भुक्तानी दिएको छ।आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

सि नं	कार्यक्रम/ शीर्षक /योजना	रकम
१	आर्थिक सहायता	३८५०००
२	विविध	८१०००
३	नगरप्रमुख सचिवालय खर्च	७००००
४	सवारी भाडा	६०००
५	भ्रमण खर्च	५१९००
६	पानि तथा विजुलि	१२७०२
७	स्वास्थ्य विमा कार्यक्रम	२०८७०५०
८	वडा नं ९ विजुलि विस्तार	३००००
९	प्राविधिक धारका विद्यार्थिलाई छात्रावृति	२६००००
१०	वडा नं १ को नगर गौरब सडक	३५८७४३
११	माई पर्यापर्यटन सिटि विकास परियोजना	१९१२४७९
१२	वडा नं २ को आयोजना	३०००००
१३	वडा नं ४ को वडा भवन निर्माण	५८८६१७
१४	माटो बचाउ कार्यक्रम	५४००
१५	जग्गा वर्गिकरण	५९०००
१६	विपद व्यवस्थापन	४२५०००
	जम्मा	६६३२८९१

१६ **योजना तर्जुमा तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.५ लाखभन्दा साना ३०७, रु.५ लाख देखि २० लाख सम्मका ४९ र रू. २० लाख माथिका ९ योजनामा खर्च गरेको देखियो। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन ।

विवरण	जम्मा योजना संख्या	रु.२० लाख माथिका	रु.५ लाख देखि २० लाख सम्मका	रु.५ लाख मुनिका
पालिकातर्फ	१४६	९	४८	८९
वडातर्फ	२१९	०	१	२१८

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

१७ **खरिद योजनाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.१२ करोड २५ लाख ४८ हजार पुँजीगत खर्च गरेको देखियो। वार्षिक खरिद योजना र

गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१८ **लक्ष्य प्रगतिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

१९ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमश सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२३,५२,९२,४२८	२१,१२,८०,८३२	२४०११५९६	०
	समपुरक	५५,००,०००	३५,०१,६५९	१९,९८,३४१	०
प्रदेश सरकार	शसर्त	१,५४,०३,०००	१,४२,८०,६१२	११,२२,३८८	०
	समपुरक	१,३०,००,०००	७५,९२,१८१.००	५४,०७,८१९	०

२० **अनुदानको अनुगमनः**

समपुरक अनुदान कार्यविधि,२०८१ को बुँदा न १६ मा अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिकरुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट विशेष तथा समपुरक अनुदान अन्तर्गत सञ्चालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको देखिएन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

क्र.स.	स्रोत	संचालित योजनाहरु	बजेट खर्च
१	संघीय समपुरक अनुदान	१	३५,०१,६५९
२	प्रदेश समपुरक अनुदान	१	७५,९२,१८१

२१ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ ।यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।

सि.नं	विवरण	जम्मा	कैफियत
१	स्वीकृत घरनक्सा दर्ता पास	०	
	पञ्जिकरणतर्फ		
२	जन्मदर्ता	६०७	
३	मृत्युदर्ता	२३२	
४	बसाईसराई दर्ता	१९०	
५	विवाह दर्ता	२८९	
६	सम्बन्धविच्छेद दर्ता	७५	
	पूर्वाधार विकास सडक निर्माण		
७	कालोपत्रे सडक निर्माण	० कि.मि.	
८	ग्राभेल सडक निर्माण	५.८ कि.मि.	
९	सडक मर्मत	११.२ कि.मि.	
	जम्मा		

पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

२२ तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२३ सेवा प्रवाहको अभिलेखः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११. (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

२४ कानून निर्माण एवं कार्यान्वयनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले

हालसम्म २२ वटा ऐन, ७ वटा नियमावली, ५७ कार्यविधि, ८ निर्देशिका र ५ मापदण्ड समेत लगायत १०२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

२५ **नक्शा व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमतिको भए नभएको जाँचबुझ र कारबाही गरेको अद्याबधिक अभिलेख तयार गरी राखेको पाइएन ।पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यबस्था कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२६ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप भएको ४५ गरी कुल ५९ विवाद दर्ता भएकोमा ५५ वटा फर्स्यौट भई ४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२७ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। सहकारीको सञ्चालन अवस्था बारे पालिकाले प्रतिवेदन तयार गरेको देखिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरी सहकारी वचत रकमको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२८ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२९ **कर्मचारी करारः**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४(१) मा सवारी चालक, नगर प्रहरी, बारुण यन्त्रका कर्मचारी, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य पदमा बाहेक स्थानीय सरकारी सेवाका कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने ब्यवस्था छ। पालिकाले हलुका सवारी चालक,हेभी सवारी चालक,कार्यालय सहयोगी, कृषि अधिकृत, इन्जिनियर, सव-इन्जिनियर,सहायक पाचौँ,सहायक चौथौँ,सर्वेक्षक,अमिन,अहेव,ल्याब असिष्टेण्ट लगायतको पदमा ४२ जना करारमा र ज्यालादारीतर्फ सरसफाई कर्मी, कार्यालय सहयोगी, पाले लगायतको पदमा ७ जना नियुक्ति गरि पारिश्रमिक वापत रु.१ करोड २९ लाख ९७ हजार खर्च लेखेको छ । उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएकोमा पद दर्ताका लागि प्रदेश निजामती किताबखानामा पेश भएकोमा दर्ता भएको देखिएन। प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

३० **फिल्ड तथा प्रोत्साहन भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६.(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्वान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६.(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ।त्यस्तै कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० को दफा ४२.(२) मा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नको सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आबश्यक व्यबस्था गर्न सक्ने व्यबस्था छ । पालिकाले यो वर्ष १३ जना कर्मचारीलाई फिल्ड भत्ता तथा प्रोत्साहन भत्ता वापत रू.१८,१४,८६८ भुक्तानी भएको छ ।जुन आन्तरिक आम्दानी रु.१,५६,४७,८३३ को ११.५९ प्रतिशत हुन्छ । उक्त रकम भुक्तानी गर्दा आन्तरिक स्रोतबाट भुक्तानी गरेको छ । भत्ता प्रदान गर्दा कार्यविधि तथा मापदण्ड बनाई खर्च लेखेको देखियो। आन्तरिक स्रोत तथा कार्य बोझ समेतको विश्लेषण गरी भत्ता रकम भुक्तानी गर्नु पर्दछ।

३१ **संगठन र कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित स्थायी तर्फ १३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ४३ पद पूर्ति भएको देखिन्छ। प्राप्त विवरणअनुसार प्रशासन अधिकृत, कृषि विकास अधिकृत, इन्जिनियर,सब-इन्जिनियर,पशु विकास अधिकृत, लेखा अधिकृत सहित ८७ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु सम्बन्धमा कार्यालयको दैनिक सेवा प्रवाहको आवश्यकता, प्रबिधिको उपयोग तथा कार्यक्रम सञ्चालन अवस्था समेतलाई ध्यान दिई कर्मचारी पदपुर्ति गर्नुपर्दछ।

३२ **वडा सचिवको पदपुर्तिः**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन ।

वडा संख्या	वडा सचिवको दरवन्दी	वडा सचिवको पदपुर्ति	रिक्त वडा सचिव
१०	१०	५	५

रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

३३ **पद दर्ताः**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ मा स्थानीय तहले सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा पद दर्ता गराउनु पर्ने ब्यवस्था छ। पालिकाले संगठन तथा ब्यवस्थापन सर्भेक्षण गरी पालिका अन्तर्गत रहने बिभिन्न स्थायी कर्मचारी १३० पद र करार तर्फ ४६ पद समेत १७६ दरबन्दी स्वीकृत गरेकोमा प्रदेश किताबखानामा पद दर्ता गर्न मिति २०८१-०५-२४ मा पेश गरेकोमा दर्ता भएको पाईएन। ऐनमा भएको ब्यवस्था वमोजिम पद दर्ता गरी पदपूर्ती गर्नुपर्दछ।

३४ **सार्वजनिक सुनुवाईः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले ३ पटक सार्वजनिक सुनुवाई गरी रु.९९,४४० खर्च लेखेको छ । सार्वजनिक सुनुवाई लाई बृहत बनाई पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३५ **अवकास कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने

व्यवस्था छ । पालिकाले यो बर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । उक्त कोषमा गत बर्ष सम्मको मौज्दात रु.५५,००,१७६.५४ रहेको छ ।

३६ **पदाधिकारी सुविधाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३. मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.९२,८१,१९० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.१,५६,४७,८८३ रहेको छ।जुन आन्तरिक आयको ५९.३१ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

३७ **बैठक भत्ता भुक्तानीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिकातर्फ पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता वापत रू.१२,००,००० र वडा कार्यालयतर्फ पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता वापत रू.१६,९९,२७० समेत जम्मा रू.२८,९९,२७० खर्च गरेको देखियो। जुन आन्तरिक आय रु.१,५६,४७,८८३ को तुलनामा १८.५३ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

३८ **स्वकीय सचिवः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधनसमेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुखले स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको छ । पालिकाले स्वकिय सचिव १ जना नियुक्ति गरी पारिश्रमिक वापत रु.३,८०,४५० खर्च लेखेको छ ।

३९ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदान	आन्तरिक आय रु.	आन्तरिक आय प्रतिशत
२२,८५,५०,३५३.२७	१,५६,४७,८८३	६.८५

उल्लिखित विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.८५ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

४० **आय प्राप्तिको अबस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस पालिकामा बिगत ३ बर्षको राजश्व अशुली को अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)			
आर्थिक बर्ष	बार्षिक अनुमान रकम	असुली रकम	असुली प्रतिशत
२०७९।८०	४८२००	१६२१९	३३.६४
२०८०।८१	२६८४०	२०४४५	७६.१७
२०८१।८२	७३९९६	१५६४७	२१.१४

उल्लिखित तालिका अनुसार राजश्व अशुली आ.व.२०७९।८० को तुलनामा आ.व.२०८०।८१ र २०८१।८२ मा घटेको देखिन्छ । आय बृद्धिका लागि करको दायरा बढाउदै अशुली रकम बृद्धिका लागि पालिकाको निरन्तर अनुगमन मुल्याँङ्कन गर्नुपर्दछ ।

४१ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ रू. ७ करोड ३९ लाख ९६ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.१ करोड ५६ लाख ४७ हजार मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको २१.१४ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता स्वयं कार्यालयमा कर तथा अन्य शुल्क दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी
११३१३ - सम्पती कर	२९, ९६ , ८५८.३१	४,२८५
११३१४ - भुमिकर/मालपोत	२०, ०० , ०००	८, ३६ , ६७१.१४
११३१७ - वहाल कर	१०, ०० , ०००	३, ९० , ६०९.७३
११३१८ - वहाल विटौरी कर	५०, ०० , ०००	६, ३६ , ००४.०५
११४५१ - सवारी साधन कर (साना सवारी)	१०, ०० , ०००	०
११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२०, ०० , ०००	०
११६९१ - अन्य कर	३०, ०० , ०००	३७, १४ , १३८.८०
१४१९१ - पर्यटन शुल्क	१, ०० , ०००	०
१४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	५०, ०० , ०००	०
१४२१८ - विद्युत सेवा शुल्क	१, ०० , ०००	०
१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	१, ०० , ०० , ०००	३५, ०१ , ०७६.७
१४२२१ - न्यायिक दस्तूर	५, ०० , ०००	२९,९००
१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	१, ०० , ०००	०
१४२२४ - परीक्षा शुल्क	१, ०० , ०००	१४,०००
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	१०, ०० , ०००	४३,५००
१४२४२ - नक्सापास दस्तुर	१०, ०० , ०००	९१,५००
१४२४३ - सिफारिश दस्तुर	५०, ०० , ०००	१९, ४० , ७००
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	३०, ०० , ०००	५, ९४ , २००
१४२४५ - नाता प्रमाणित दस्तुर	३०, ०० , ०००	१,५००
१४२४९ - अन्य दस्तुर	१, ०० , ०० , ०००	२७, ८६ , ३७४
१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	१, २९ , २००
१४२६५ - अन्य क्षेत्रको आय	१०, ०० , ०००	०
१४३१२ - प्रशासनिक दण्ड , जरिवाना र जफत	१, ०० , ०००	०
१४५२९ - अन्य राजस्व	१, ०० , ०० , ०००	१, ९२ , ५५०
१४६११ - व्यवसाय कर	५०, ०० , ०००	६, ३० , २१५
१५१११ - बेरूजू	२०, ०० , ०००	१, ११ , ४५८.८०
जम्मा	७, ३९ , ९६ , ८५८.३१	१, ५६ , ४७ , ८८३.२२

४२ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.६ लाख ३० हजार २१५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन

गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४३ **इन्धन खर्चः**

अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा इन्धनउपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३५ थान, जिप ३ थान, एम्बुलेन्स २ थान, व्याकहोल्डर १ थान, ट्रिपर १ थान रहेकोमा इन्धन शीर्षकमा जम्मा रू.३७,२०,६५६ खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको इन्धनको अभिलेख, एम्बुलेन्स, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले इन्धनखपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। इन्धनखपत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी इन्धनखर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

४४ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३५ थान, जिप ३ थान, एम्बुलेन्स २ थान, व्याकहोल्डर १, ट्रिपर १ थान रहेको देखियो । उल्लिखित सवारी साधनहरुको मर्मतमा रु.४४ लाख ५४ हजार खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग नगर्दा मर्मत खर्चमा तोकिएको सीम भित्र रहेर खर्च भएको छ छैन यकिन गरेको छैन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

४५ **यन्त्र उपकरण सञ्चालनः**

यस पालिकामा एक्जाभेटर, ट्रिपर, एम्बुलेन्स रहेकोमा उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन। उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार गरेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

४६ **सवारी साधन खरिदः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशनसमेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । पालिकाले आन्तरिक श्रोतबाट मोटरसाईकल खरिदमा रु.३,७४,५०० खर्च गरी भुक्तानी गरेको छ ।

४७ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च वापत पालिकातर्फ रु.२५ लाख, वडा तर्फ रु.२० लाख २८ हजार र सभा सञ्चालनमा रु.३ लाख ४८ हजार समेत रु.४८ लाख ७६ हजार खर्च गरेको छ।उक्त खर्च आन्तरिक आय रु.१ करोड ५६ लाख ४७ हजारको ३१.१६ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र विविध खर्च बीचमा आवश्यक तादम्यता मिलाई विविध खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

४८ **मसलन्द तथा कार्यालय सामग्रीः**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पटक पटक गरी पालिकातर्फ रु.२९,९१,६९४ र वडातर्फ रू.१३,९५,४४२ समेत रु.४३,८७,१३६ को कार्यालय मालसामान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४९ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजनवापत यस वर्ष विभिन्न ८८ व्यक्तिलाई रू.११ लाख ५३ हजार ५०० आर्थिक सहायता वितरण गरेको देखियो। जुन आन्तरिक आय रू.१ करोड ५६ लाख ४७ हजारको ७.३७ प्रतिशत हुन जान्छ। साथै आर्थिक सहायता प्राप्त गर्ने सम्पूर्ण व्यक्तिको नाम नामेसीको विवरण पालिकाको वेव साईटमा सार्वजनिकरण गरेको नदेखिएकाले उक्त विवरण सार्वजनिकरण गर्नुपर्दछ । यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी मितव्ययिता कायम गर्नुपर्दछ।

५० **अनुदान वितरणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। यो वर्ष पालिकाको पुँजिगत बजेट शीर्षकबाट निम्नानुसार व्यक्ति तथा फर्मलाई विभिन्न कृषिजन्य तथा आय आर्जन व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले रकम तथा वस्तुगत अनुदान उपलव्ध गराएको छ। यसरी रकम खर्च गर्दा अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको विधि पारदर्शी तथा स्पष्ट नीतिगत व्यवस्था तयार भएको देखिएन। त्यसैगरी प्रदान गरिएका कृषि उपकरण तथा अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन।अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामुखी बनाउनु पर्दछ। केहि उदाहरण

कार्यक्रम	अनुदान रकम	अनुदान विवरण
कार्यविधिको आधारमा कृषि अनुदान कार्यक्रम	१३४९०८	मल र बिउँ
सुपारी उत्पादन प्रवर्द्धन कार्यक्रम	४७७०००	सुपारीका बिरुवा

५१ **म्याद नाघेको पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.५०,००० बाँकी रहेको देखिन्छ। म्याद नाघेको पेश्की फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ रु.

क्र.सं.	गो.भौ.नं.।मिति	पेश्कीको विवरण	ब्यक्ति/ फर्म	रकम	कैफियत
१	४७१।२०८२-०३-२१	नगर प्रमुख सचिवालय खर्च	पासाङ्ग तामाङ	३०,०००	गो.भौ.नं.५४।२०८२-०६-१२ बाट फर्स्यौट भएको ।
२	५०५।२०८२-०३-२४	अथिति सत्कार व्यवस्थापन	लक्ष्मण भुर्तेल	१,५०,०००	गो.भौ.नं.४५।२०८२-०६-०९ बाट फर्स्यौट भएको ।
		जग्गादाता लगायत			
		अन्य दाताहरुलाई सम्मान कार्यक्रम		३,००,०००	
३	४५७।२०८२-०३-१८	सार्वजनिक सुनुवाई	नभ संचार प्रा.लि.	५०,०००	म्याद नाघेको ।
			जम्मा	५०,०००	

पेश्की	५०,०००

५२ **पुँजिगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई खुला पारदर्शी र पर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार कुल पुँजिगत खर्च रू.७ करोड १४ लाख ४९ हजार ३०० मध्ये रू.२ करोड २१ लाख ५८ हजार ८८६ अर्थात ३१.०१ प्रतिशत खुला प्रतिस्पर्धाको माध्यमबाट, रू.२४ लाख ९० हजार २३४ अर्थात ३.४८ प्रतिशत सोझै खरिदको माध्यमबाट, रू.२ लाख ६५ हजार अर्थात ०.३७ प्रतिशत अमानतको माध्यमबाट, रू. ४ करोड ६० लाख १५ हजार अर्थात ६४.४० प्रतिशत उपभोक्ता वा लाभग्राही समुदायबाट खरिद भएको देखिएको छ। खरिदलाई बढि प्रतिस्पर्धात्मक र खुला बनाउन पालिकाको ध्यान जानुपर्दछ।

क्र.सं.	विवरण	खर्च रकम	कुल खरिदमा प्रतिशत
१	खुला बोलपत्र	२२१५८८८६	३१.०१
२	सोझै खरिद	२४९०२३४	३.४८
३	अमानत	२६५०००	०.३७
४	उपभोक्ता समिति	४६०१५०००	६४.४
५	कन्टिन्जेन्सी	५२०१८०	०.७४
	जम्मा	७१४४९३००	१००

५३ **बोलपत्रको मुल्याङ्कनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजकरुपमा कार्य गर्न नसक्ने गरी न्यून रकम कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलतरुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको २५ प्रतिशत देखि ३९.३३ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी

सम्झौता गरेको देखियो। लागत अनुमानभन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सि. न.	ठेक्का न.	योजनाको नाम	बोलपत्र बिक्रि संख्या	लागत अनुमान भ्याट बाहेक	स्वीकृत रकम भ्याट बाहेक	लागत अनुमानका आधारमा घटी प्रतिशत
१	MM/NCB/WORKS/ ०१/०८१/८२	Upgrading Works of Sattalley Road,Sabik ०२ Nagar Gaurab Road & Dharampur-Katteltar-Gangatey-Budhi Sukhani Road	३	४०११९०४	२५८६६२३	३५.५३%
२	MM/NCB/WORKS/ ०२/०८१/८२	Upgrading Works of Sitali Bazzar Road	३	२०६२७६९	१२५१५०१	३९.३३
३	MM/NCB/WORKS/ ०३/०८१/८२	Construction of Jana Siddha Aa. Bi. Canteen Building and Boundary Wall in Mai Municipality - ०८	९	१५३६५५९६	९६२५५२२	३७.३६
६	MM/NCB/WORKS/ ०६/०८१/८२	Maintenance Works of Baghetar-Bhasme-Bharatey-Kataharey Road	४	२०३५४९५	१५२६७९६	२५

५४ **खरिद कार्यको अभिलेखः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

५५ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाले कार्यविधि वेगर यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू.५,२०,१८७ खर्च गरेको देखियो। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्ने व्यबस्था गर्नुपर्दछ।

सि नं	शीर्षक	विवरण	खर्च रकम
१	साना सिचाई योजना	स्टेशनरी	७०३४६
२	सडक बोर्ड योजना	सूचना प्रकाशन खर्च	४२८४१
३	शितली खेल मैदान योजना	सवारी मर्मत	४००००
४	जनसिद्ध भवन	बैठक भत्ता सवारी मर्मत स्टेशनरी	३६७०००
		जम्मा	५२०१८७

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची-१ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा योजना अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित सीमा भित्र खर्च भएको छ छैन पुष्ट्याई हुने देखिएन। कन्टिन्जेन्सी खर्च गर्दा योजनाको खर्चसँग तुलना गर्न सकिने गरी राख्नु पर्दछ ।

• महालेखा नियन्त्रक कार्यालयले २०७७ मा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गिकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै बैठक भत्ता, सूचना प्रकाशन जस्ता कार्यमा रु.५,२०,१८७ समेतमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखियो। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। कन्टिन्जेसी रकम खर्च तोकिए बमोजिम मितव्ययीरुपमा गर्नुपर्दछ।

५६ **गुणस्तर परीक्षणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न निर्माण कार्यमा तोकिएको गुणस्तर निहित रहेको छ भन्न सकिने अवस्था देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ।

५७ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

५८ **जिन्सी मौज्दात जिम्मेवारीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४. को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५.(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version १ लागु भएको आर्थिक बर्ष २०८१।८२ बाट PAMS version २ (PAMS V२) लागु भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version १ मा बाँकी रहेको रु.१,२२,५७४ को विभिन्न ११८८ थानको जिन्सी सामाग्रीको मौज्दात version २ मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन। जिम्मेवारी नसार्दा जिन्सी सामानको उच्चतम सदुरुपयोग हुन नसक्ने अबस्था रहने हुँदा सबै जिन्सी सामानको जिम्मेवारी सार्नुपर्दछ ।

५९ **डी. पि. आर निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यो वर्ष डि पि आर तयारीमा बजेट खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्यवृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नुपर्दछ ।

रु.हजारमा				
फर्मको नाम	डीपिआरको विबरण	डिपिआर गर्ने फर्म	खर्च रु	डिपिआरबाट कायम ल ई
ईशु इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि.	चेप्टी-सुरुङ्गा जोड्ने बाटो	२०००	१२००	१०४३९४०
(गत बर्षको)				
अक्ष इन्जिनियरिङ्ग सोलुसन प्रा. लि .	माई खोलामा झोलुङ्गे पुल	१७००	२१४	३३९१८
(यस बर्षको)				

६० **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१. मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३. मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१-०३-१० मा रु.६० करोड ३३ लाख १५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१-०३-१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१-०३-१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

६१ **आवधिक योजना-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४. बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

६२ **आन्तरिक लेखापरीक्षण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०८१।८२ आर्थिक अन्तरसरकारी अख्तियारी तर्फको आन्तरीक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय तथा पालिकातर्फको लेखा सहायक चौथौँ (लेखा) लाई नगरसभाले आन्तरिक लेखापरीक्षकको जिम्मेवारी तोकी लेखापरीक्षण भएको छ। । पालिकामा आन्तरिक लेखापरीक्षकका लागि सहायक पाँचौ स्तरको १ दरवन्दी रहेतापनि हाल पदपूर्ती समेत भएको समेत देखिदैन। आन्तरिक लेखापरीक्षक नियुक्ति गरि लेखापरीक्षण गराउँनु पर्दछ ।

६३ **छुट करः**

आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू.अ.कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष देहायको सेवा प्रदायक फर्मलाई सेवा कार्य वापत रु. १००००० भुक्तानी गर्दा कर विजक जारी गरेको देखिएन । कर विजक जारी नगर्ने सेवा प्रदायकलाई श्रोतमा नियमानुसार हुने कर रु. कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कम कर रु. १३३० कट्टी गरी भूक्तानी गरेको देखिएकोले नियमानुसार १५ प्रतिशतले हुने छुट कर रू. १३६७० सम्बन्धित संस्थाबाट असुल गरी राजस्व दाखिला गर्नु पर्दछ, रू.,

भौ. नं ./ मिति	खरिद गरको सेवा/ कार्यक्रम	सेवा प्रदायकको नाम	भुक्तानी रकम रु	१५% अग्रिम कर रु.	कट्टी गरेको कर रु.	छुट कर रकम रु.
१८१।०८१। १०।२४	सथानिय तहको आय व्यय व्यवस्थापन तथा योजना तर्जुमा सम्बन्धी प्रदेश स्तरीय कार्यशाला	रिडिफ नेपाल	१०००००	१५०००	१३३०	१३६७०
					असुल गर्नुपर्ने	१३,६७०

६४ **तालिम कार्यक्रम सञ्चालनः**

नेपाल सरकार अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०८१ को सवै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सम्बन्धी खर्चको मापदण्डको अनुसूची ११ मा तालिम केन्द्र बाहेक अन्य निकाय बाट सञ्चालित सवै प्रकारका तालिमका श्रोत व्यक्ति / प्रशिक्षकको पारिश्रमिक सम्बन्धमा नगरपालिका स्तरको अधिकृत स्तर तथा अन्य तालिममा एक कक्षाको कार्यपत्र वापत रु. १०००.०० र कक्षा सञ्चालन वापत रु. ६००.०० भुक्तानी गर्नुपर्ने तथा एक कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्ने र कार्यपत्र भन्नाले ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने, पारदर्शक पाना प्रस्तुतीकरण टिपोर्ट वा प्रस्तुतिकरण प्रयोजनका लागि तयार पारिएको अरु जस्तै सामाग्रीको छायाँप्रति कार्यपत्र नहुने उल्लेख छ । त्यस्तै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । निम्नानुसारका गो.भौनं./ मितिबाट देहाय बमोजिमको तालिम कार्यक्रममा देहाय बमोजिमका व्यक्तिलाई भुक्तानी गर्दा कार्यालयको श्रोत व्यक्ति भएको तथा अन्य प्रशिक्षकलाई समेत मापदण्डले तोके भन्दा बढी भुक्तानी गरेको देखियो । बढी भुक्तानी गरेको रकमको को कर कट्टी बाहेकको रकम रु.२१,९३० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.,

गो. भौनं ./ मिति	कार्यक्रमको नाम	भुक्तानी लिनेको नाम	कक्षा संख्या	भुक्तानी रकम रु.	भुक्तानी गर्नुपर्ने रकम रु .	कर कट्टी बाहेकको बढी भुक्तानी रु.	कैफियत
१८२। ०८१।१०। २४	महिला अधिकार सम्बन्धी कार्यक्रम	श्री देवेन्द्र विश्वकर्मा (प्रशिक्षक)	५	१५०००	८०००	५९५०	तोकिए भन्दा बढी भुक्तानी
१८२। ०८१।१०। २४	महिला अधिकार सम्बन्धी कार्यक्रम	श्री सर्मिला राई (प्रशिक्षक)	२	६०००	३२००	२३८०	तोकिए भन्दा बढी भुक्तानी
२०१। ०८१।११। २४	न्यायिक समितिको कार्यमा मेलमिलाप कर्ताको भुमिका कार्यक्रम	श्री देवेन्द्र विश्वकर्मा (प्रशिक्षक)	२	६४००	३२००	२७२०	तोकिए भन्दा बढी भुक्तानी
२१६। ०८१।११। १४	सुचिकृत मेलमिलाप कर्ताको पुनर्ताजगी तालिम	श्री गायत्री थेगिम (प्रशिक्षक)	४	१२८००	६४००	५४४०	तोकिए भन्दा बढी भुक्तानी
२१६। ०८१।११। १४	सुचिकृत मेलमिलाप कर्ताको पुनर्ताजगी तालिम	श्री सन्तोष मगर (प्रशिक्षक)	४	१२८००	६४००	५४४०	तोकिए भन्दा बढी भुक्तानी
					जम्मा	२१,९३०	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **४५,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१२,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२१,९३०

६५ **मु.अ.कर समायोजन-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२१,९८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६६ **सवारी साधन भाडाः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले देहायको गो.भौ.नं./ मितिबाट अन्य भाडा शीर्षकमा रु. ३१२५०० भुक्तानी गरेकोमा सवारी साधन कुन ठाउँबाट कुन ठाउसम्म सवारी चलाएको कति किलोमिटर सवारी साधन चलेको सो खुल्ने सवारी लगबुक नभएको, के कुन समाग्री ढुवानी भएको सो सम्बन्धी स्पष्ट विवरण संलग्न गरेको देखिएन । नियमानुसार सम्झौता गरी सम्झौता बमोजिम कार्य गरेको आधारमा सवारी साधनको अभिलेकार्य गरेको आधारमा सवारी साधनको अभिलेख राखी सवारी साधनको भाडा भुक्तानी गर्ने तर्फ फालिकाको ध्यान जानु पर्दछ ।

६७ **धरौटी कट्टाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा पाँच प्रतिशतको दरले धरौटी कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण गरेवापत श्री माई भगवती कन्सट्रक्सन प्रा.लि.लाई बिल रकम रु. ५६३६९९.०० भुक्तानी गर्दा धरौटी रकम रु. २८१८४.०० कट्टा गरी भुक्तानी गरेको देखिएन । नियामानुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरेर मात्र सम्बन्धितलाई भुक्तानी गर्न कार्यालयको ध्यान जानुपर्दछ ।

६८ **अनुदानको अनुगमनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । यो बर्ष पालिकाले निम्नानुसारको कार्यक्रममा अनुदान खर्च लेखेकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्न स्थानीय अनुदान नीति तय गरेको छैन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

भौ नं	अनुदानको प्रकार	रकम	कैफियत
१२०।२०८२।१।२१	खाद्यान्न बालिको उन्नत बीउ उपयोग (मकैको बिउ)	२१८४००	लाभग्राही छनौटको आधार तथा विउ गुणस्तरको कागजात पेश भएको पाइएन ।
४०।२०८२।३।२३	सुपारी उत्पादन प्रवर्द्धन कार्यक्रम	९८०८२८	लाभग्राही छनौटको आधार तथा विउ गुणस्तरको कागजात पेश भएको पाइएन ।
		११९९२२८	

६९ **नयाँ तरकारी पकेट विकास कार्यक्रमः**

पालिका र परिवर्तन कृषि सहकारी संस्थाबीच क्रमशः रु १२०००० तथा रु. ७९७०७० समेत कुल रु.१९९७०७० को लागतमा १४० रोपनी जग्गामा कार्य गर्ने गरी मिति २०८२।३।१ गते सम्झौता भएको पाइयो । मिति २०८२।२।२६ गते कार्यपालिकाको निर्णयको आधारमा परिवर्तन कृषि सहकारी संस्थाको छनौट भएतापनि के कुन मापदण्डको आधारमा सो भएको हो सो सम्बन्धी व्यहोरा खुल्ने कागजात पेश हुन आएन । साथै सम्झौतामा उल्लेख भएअनुसार १४० रोपनी जग्गा निज लाभग्राहीहरुको निजी वा लिज के कस्तो हो सो सम्बन्धमा समेत सुनिश्चित हुने कागजात प्रमाण पेश हुन आएन । नयाँ तरकारी पकेट विकासको लागि आएको यो कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको जिम्मेवारी प्राप्त गर्ने सहकारी संस्थालाई कुन वाली कति परिमाणमा उत्पादन गर्नुपर्ने हो सो सम्बन्धनमा नत पालिकाले आफ्नो सुचना प्रस्तावमा खुलस्त गरेको पाइयो नत यो कार्यक्रमको लागि छनौट भएको परिवर्तन कृषि सहकारी संस्थाले पालिकासित गरेको कार्यसम्झौतामा । यसरी नयाँ तरकारी पकेट विकास भनि प्राप्त हुन आएको बजेट अनुदानको रुपमा वितरण गर्दा उक्त अनुदान रकमको सही सदुपयोग हुने तथा अधिकतम लाभ सुनिश्चित हुने गरी वितरण गरिनुपर्छ । तर पालिका र सहकारी संस्थाविच उपरोक्त तथ्यको अभावमा कार्यक्रमको लागि सम्झौता भएको, तथा पालिकाले मिति २०८१।२।११ गते प्रकाशित गरेको सुचनाको आधारमा प्रस्ताव पेश गरेको एक मात्र उपरोक्त सहकारी संस्थाले टनेल निर्माण सामाग्री खरिद, हाते ट्याकटर खरिद तथा सिँचाई पाइप खरिद गर्ने गरी मात्र प्रस्ताव पेश गरेको देखिएतानि पालिकाले पुन निजको सहमतिमा विभिन्न साना सिँचाई पूर्वाधार, प्राविधिक सहयोग तथा प्रविधि परिक्षण र प्रदर्शन, कृषि उत्पादन सामाग्री सहयोग, कृषि औजार तथा उपकरण तथा उत्पादनोपरन्त तथा कृषि व्यवसाय सेवा पूर्वाधार जस्ता विभिन्न कार्य गर्ने गरी सम्झौता गरेको देखियो । यसरी दुई पक्षविच भएको सम्झौता अनुसार लाभग्राही समुहले कार्य सम्पन्न गरी सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन गरी गराई मात्र कार्यसम्मन्न पेश गरेको आधारमा भुक्तानी गर्नुपर्नेमा भौ नं २५६।२०८२।३।२५ बाट पालिकाले सम्झौता गरे अनुसारको कुल रु ११७००४८ भुक्तानी गरेको पाइयो । तसर्थ पालिका र कृषक लाभग्राही समुहको सहमतिमा तयार पारिएको कार्य प्रस्ताव अनुसारको कार्य भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

७० **मूल्य अभिवृद्धि कर कट्टीः**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत मू.अ.कर रकम रू.१८९५४ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको हुँदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्छ ।

भौ. नं	आपुर्तकको नाम	प्यान नं.	भुक्तानी रकम	मु. अ . कर रकम	३० प्रतिशत रकम
१३६।२०८२।२।६	पाथीभरा प्रोफेशनल एजुकेशन प्रा. लि	६०२३९२२२८	५४९१८०	६३१८०	१८९५४
जम्मा					१८९५४

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **२५,५९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१५,५३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **३३,८५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१८,९५४

७१ **योजना हस्तान्तरण -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै

हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न एवं उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ।

७२ **हेभि ईक्विपमेण्टको प्रयोग** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समितिसँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । उपभोक्ता समितिसँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले डोजर तथा हेभि उकरण मार्फत गराउदा निर्माण व्यवसायीलाई सव कन्ट्रयाक्टमा गराउँदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनुपर्दछ ।

क्र.सं.	भौ.नं.	उपभोक्ता समिति	उपभोक्ता समितिले पाउने कुल रकम	निर्माण व्यवसायीको नाम	निर्माण व्यवसायीलाई भुक्तानी भएको रकम	निर्माण व्यबसायीलाई भुक्तानी दिएको कारण
१	६७-२०८१।१०।२४	बाँगे बुच्चेटार भालेखोप हाङखिम सडक स्तरोन्नती उ.स.	५९३६५८	पाँचपोखरी ईन्जीनियरिङ एण्ड डेभलपर्स प्रा.ली.	५३३१७२	सडक मर्मत तथा सरसफाईको काम
२	१६९-२०८१।१२।१८	सेवारोटोल देदि मणि नेम्वाङको घर हुदै आत्मानन्द जोड्ने वाटो निर्माण उ.स.	५०००००	सेमि निर्माण सेवा	१०३५८०	माटो खन्ने कार्य
३	३८९-२०८२।३।२३	वडा नं. १० को सडक मर्मत	४०००००	रिज कन्स्ट्रक्सन प्रा.ली.	२८२६५६	सडक मर्मतमा ग्राभेल उठाउने काम
४	३८१-२०८२।३।१९	ढिकिटार रिङरोड मर्मत	२९८९७७	थपरा फुड कन्स्ट्रक्सन प्रा.ली.	१४८५००	सडक मर्मत कार्य
५	४१-२०८१।९।२५	पूर्व गाउँ जाने वाटो मर्मत	४०००००	कन्काई निर्माण सेवा	३५९८३८	सडक सरसफाई तथा मर्मत

७३ **अधुरो निर्माणको लागि वजेट विनियोजन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले अधुरो निर्माण कार्यको लागी वजेट विनियोजन गरीखर्च लेखेको पाईयो । यस्ता अधुरा कार्यमा डुप्लिकेशनको समेत जोखिम रहन सक्ने हुँदा प्रतिफलमुखी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। अधुरा कार्यमा भएको लगानीका केही उदाहरण निम्नानुसार छन -

योजनाको नाम	उपभोक्ता समिति	बिनियोजित रकम	भुक्तानी रकम	कैफियत
२३८-२०८२।२।१३ नवकिरण महिला समाज अधुरो शौचालय निर्माण	नवकिरण महिला समाज शौचालय निर्माण उ.स.	१०००००	९९८९०	शौचालयको पिल्लर र फ्लोरको काम पहिले भएको यस पटक ईटाको वाल, छत ढलाई, प्लाष्टर ढोका र कलरिङ को काम
२३३-२०८२।२।६ दुङ्दुङ्गे खोल्सी कल्भर्ट निर्माण	दुङ्दुङ्गे खोल्सी कल्भर्ट निर्माण उ.स.	७०००००	७०००००	एबुटमेन्ट र ग्याबियन जालीको काम
२८७-२०८२।३।१२ शिशुसेवा मा.वि. छत ढलान तथा पिल्लर निर्माण	शिशुसेवा मा.वि. छत ढलान तथा पिल्लर निर्माण उ.स.	५०००००	५०००००	शिशुसेवा मा.वि. पहिलो तल्ला १० वटा पिल्लर उठाउने, विम तथा छत ढलान गर्ने कार्य
२६३-२०८२।२।२० कैलास आ.वि. अधुरो भवन निर्माण	कैलास आ.वि. अधुरो भवन निर्माण उ.स.	१५००००	१५००००	ईटाको वाल र झ्याल ढोका लगाउने कार्य
४१८- आलेटार सामुदायिक भवन निर्माण	आलेटार सामुदायिक भवन निर्माण उ.स.	४०००००	२८६५०२	भुईढलान र पिल्लर उठाउने कार्य

७४ **अनुगमन प्रतिवेदन-**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ (ख) बमोजिज नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यले तोकिएको दरमा मासिक अनुगमन भत्ता पाउने र सो भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवसथा छ । नगरपालिकाले आर्थिक वर्ष २०८०।०८१ मा पदाधिकारी सुविधामा मासिक अनुगमन भत्ता वापत गाउँपालिकाका प्रमुख, उप-प्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्य समेत २० जनालाई रु. ९९६०००.०० भुक्तानी गरेकोमा ऐनको व्यवस्था बमोजिम सम्बन्धितले मासिक रुपमा अनुगमन प्रतिवेदन तयार नगरेकोमा लेखापरीक्षणमा औल्याए पश्चात अनुगमन प्रतिवेदन पेश गरेको छ । अनिवार्य रुपमा भुक्तानीका बखत अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्दछ ।

७५ **नतिजाको विश्लेषणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नमुनाको हिसाबले परीक्षण गर्दा पालिकाले स्वास्थ्य तर्फ देहायबमोजिमका केही कार्यक्रमहरु सञ्चालन गरेपश्चात अपेक्षित लक्ष्य र प्राप्तिको विश्लेषण नगरेको हुँदा उपरोक्त कार्यक्रममा भएको खर्च मनासिब भए नभएको सुनिश्चित हुन सकिएन । तसर्थ यस्तो कार्यक्रममा गरिएको खर्चको आधारमा अगामी दिन निति तथा योजना बनाउँदा सहज हुने अनुरुपको प्रतिवेदन तयार गर्ने तर्फ विशेध ध्यान दिनुपर्छ ।

भौ नं	कार्यक्रमको नाम	भुक्तानी रकम	कैफियत
२३५। २०८२।३। २२	स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रम	१२२०००	अभिमुखीकरण समिक्षा फलोअप अनुगमन तथा सुपेरीवेक्षण कार्य गर्नुपर्नेमा औषधी खरिद तथा भत्ता वितरण मुखी कार्यक्रम गरेको देखिन्छ ।
१९५। २०८२।३। १३	IMNCI को सचेतनात्मक कार्यक्रम	९५९३७	कार्यक्रम उपलब्धीको विश्लेषण भएको देखिएन ।
२१७। २०८२।३। १७	पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन	१२०८८०	कार्यक्रम उपलब्धीको विश्लेषण भएको देखिएन साथै कार्यक्रम भत्ता वितरणमुखी रहेको देखियो ।

७६ **आधारभुत स्वास्थ्य चौकी व्यवस्थापनः**

(४२१-2082-03-16):

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७७ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्महरुबाट रु ४११२१८१ को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

भौ न मिति	औषधी आपुर्तिकर्ता	औषधी खरिद रकम	कैफियत
२३६।२०८२।३।२२	अमन फार्मेशी	७०७८४१	बोलपत्रमार्फत खरिद
२२०।२०८१।११।१४	शिव आयुर्वेद फर्मा	४७३६१२	कोटेशन मार्फत आयुर्वेदीक औषधी खरिद
५२।२०८२।३।१७ विविध	पुर्वाञ्चल वायोमेड	७४१६८७	कोटेशन मार्फत ल्याव सामाग्रीको खरिद ।
१९।२०८१।११।१४ विविध	क्वालिटी सर्जिकल हाउस	४५८९०३	कोटेशन मार्फत ल्याव सामाग्रीको खरिद
५३।२०८२।३।१७ विविध	डाँफे सर्जिकल सप्लार्यस	२७४७९३	कोटेशन मार्फत सर्जिकल सामाग्री खरिद
२१।२०८१।११।१४ विविध	डाँफे सर्जिकल सप्लार्यस	२४०९२३	कोटेशन मार्फत सर्जिकल सामाग्रीको खरिद
११।२०८१।८।२५ विविध	अमन फार्मेशी	२९२७५१	कोटेशन मार्फत सर्जिकल सामाग्रीको खरिद
४।२०८१।६।२२ विविध	डाँफे सर्जिकल सप्लार्यस	४५७६७१	कोटेशन मार्फत सर्जिकल सामाग्रीको खरिद
१९८।२०८२।३।१४	ए. वि . ट्रेडर्स एण्ड सप्लार्यस	४६४०००	कोटेशन मार्फत सर्जिकल सामाग्रीको खरिद
जम्मा		४११२१८१	

७७.१ पालिकाले करिब ८२ प्रतिशत औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गर्दा बोलपत्र मार्फत नगरी कोटेशन मार्फत गरेको देखियो । यसरी गरिएको खरिद प्रक्रियामा सहभागी फर्महरुमध्ये कुनै एकजना फर्मलेमात्र खरिद गरिनुपर्ने सम्पूर्ण औषधी तथा औषधीजन्य सामाग्रीहरुको लागि न्युनतम दर कबोल गरी सोही अनुसार खरिद कार्य अगाडी बढाएको देखिन्छ । यसरी बन्द सुचीको आधारमा खरिद कार्य अगाडी बढाउँदा आइटमवाइज घटी बढी दररेट सहितको विवरण प्राप्त नभई सिलबन्दी खरिद प्रक्रियामा संलग्न फर्महरुमध्ये कुनै एक फर्मले सारभुत रुपमा सम्पूर्ण आइटममा घटी रकम कबोल गरी सोही अनुसार खरिद कार्य अगाडी बढाइएको देखिएको हुँदा उपरोक्त खरिद कार्यमा स्वच्छ प्रतिस्पर्धा कायम भए नभएको सम्बन्धमा विश्वश्त हुन सकिएन ।

७७.२ माथि उल्लेख भए बमोजिम कोटेशन मार्फत गरिएको खरिद कार्यमा शुरु लागत अनुमानको लागि स्वीकार गरिएको प्रति इकाइ दर मुल्यांकनको कागजात पेश भएको पाइएन । साथै कोटेशन मार्फत खरिद कार्य अगाडी बढाउँदा दर्ता रहि भएका आपुर्तकहरुसँग कुन मितिमा कोटेशन माग गरेको हो सो सम्बन्धमा समेत विवरण खुलेको पाइएन । खरिदको लागि पेश गरिएको मुल्यांकन प्रतिवेदनमा खरिद प्रक्रियामा संलग्न आपुर्तकहरुले पेश गरेको दरलाई पालिकालाई आवश्यक रहेको सम्पुर्ण परिमाणको आधारमा मुल्यांकन नगरी प्रतिईकाइको आधारमा मुल्यांकन गरिएको हुँदा सो मुल्यांकनबाट सारभुत रुपमा प्रति एकाइ दरको आधारमा सबभन्दा कम कबोल गरेको फर्मसँग सम्झौता गरी खरिद कार्य अगाडी बढाउँदा खरिद परिमाणमा हुने थप घटको कारण शुरु सम्झौता फरक पर्ने सक्ने जोखिम हुने हुँदा आवश्यक जम्मा खरिद परिमाणको निर्धारण गरी सोही परिमाणको आधारमा खरिद सम्झौता गरी खरिद गर्नुपर्छ ।

७७.३ पालिकाले अन्तर्गत रहेको औषधी तथा औषधीजन्य सामाग्रीहरु वितरणको लागि आ.व २०८१।८२ को लागि राष्ट्रिय बोलपत्रमार्फत खरिद कार्य अगाडी बढाउँदा खरिद प्रणालीमा सहभागी बोलपत्रदाताहरुसँग आइटमवाईज घटी कबोल गरेको प्रति इकाई दरको आधारमा खरिद गर्ने गरी सम्झौता गर्नुपर्नेमा एकमुष्ट रुपमा घटी कबोल गरेको फर्मसँग सम्झौता गरेको देखियो । पालिकाद्धारा प्रकाशित सुचना बोलपत्रमा सहभागि बोलपत्रदाताहरुको मूल्याङ्कन (Evaluation) प्रत्येक स्लाइस अनुसार गरिनेछ र करार (Contracts) त्यही संयोजनमा प्रदान गरिनेछ जुन बोलपत्रदाताको लागि सबैभन्दा कम लागतमा पर्नेछ भन्ने व्यवस्था छ । तसर्थ यसरी सम्झौता विपरीत भएको खरिद कार्यबाट पालिकाउपर सिर्जित थप व्ययभार उचित देखिएन।साथै पालिकाको भनाई अनुसार बोलपत्रमा सहभागी अरु फर्महरुले एमुष्ट रुपमा ठेक्का प्राप्त गरेको श्री अमन फार्मेशीको भन्दा कुनै कुनै आइटममा प्रचलित बजारमुल्यको भन्दा अत्याधिक न्युन दर कबोल गरेको हुँदा उक्त आइटमको लागि मात्र निज फर्महरुसँग सम्झौता गर्दा माग गरिएको उपरोक्त औषधी तथा औषधीजन्य सामाग्रीहरु प्राप्त नहुने तथा प्राप्त भए पनि समयमा नहुने जोखिम सिर्जना भई स्वास्थ्य सेवा प्रभावित हुने हुँदा खरिद कार्यको लागि आइटमवाईज सम्झौता नगरी एकमुष्ट रुपमा कबोल गरेको आपुर्तसँग गरेको जानकारी प्राप्त भयो ।

सी. न.	औषधिको नाम	बनावट	परिमाण	खरिद दर अमन फार्मेसी	खरिद गर्नुपर्ने दर रुप्शा मेडीसेल्स	फरक दर	फरक रकम
७	Amoxycilin 125 mg/ 5 ml Dry Powder for Suspension	Ph	३००.	४५.	४०.	५.	१५००.
८	Amoxycilin 125 mg Dispersible Tablet	Tab	२०००.	२.३	१.५	०.८	१६००.
१२	Azithromicin 250 mg Tablet	Tab	१०००.	९.	७.	२.	२०००.
१६	Cefixime 200 mg	Tab	२०००.	८.	७.	१.	२०००.
२१	Ciprofloxacin Hydrochloride 500 mg	Tab	२०००.	४.२	४.	०.२	४००.
३२	Fluconazole 150 mg	Capsule	५००.	६.	५.	१.	५००.
३६	Glimpride 1 mg	Tab	३०००.	२.	१.	१.	३०००.
३८	Gentian Violet 1 % Solution 10 ml	Ph	६००.	१०.	७.	३.	१८००.
५६	Paracetamol 500 mg	Tab	३००००.	०.८२	०.८	०.०२	६००.
५७	Pyrodoxime 10 mg	Tab	५००.	२.१	२.	०.१	५०.
६६	Salbutamol 1 mg/ml Nebulizer Solution	Ph	३०.	१००.	१३.	८७.	२६१०.
७३	Absorbent Cotton 400 gm	Roll	७५.	१४८०.	१४३०.	५०.	३७५०.
७५	Bandage 90cm*18m	Than	१५०.	२४०.	२३०.	१०.	१५००.
							२१३१०.

७७.४ ठेक्का नं १।२०८१।८२ मार्फत औषधी खरिदको लागि दोस्रो पटकको लागि मिति २०८२।२।१५ गते प्रकाशन गरेको सुचनाको आधारमा खरिद प्रक्रियामा सहभागी देहायबमोजिमको आपुर्तकहरु मध्ये केही औषधी तथा औषधीजन्य सामाग्रीहरुमा घटी कबोल गरेको हिमालयन मेडिसिन ड्रिस्ट्रीव्युटर्सले प्रथम पटक सुचना प्रकाशन गरेको समयमा कृषि विकास बैंकबाट मिति २०८२ ज्येष्ठ ९ गते दोस्रो पटक जारी गरेको सुचना समेतको सम्पुर्ण म्याद अवधी पुर्ति गरेतापनि पुरानै मितिमा जारी गरिएको कारण देखाई अनुतिर्ण गरी बाँकी बोलपत्रदाता श्री अमन फार्मेशी र श्री रुपशा मेडिसेल्स मध्ये समग्रमा सबभन्दा कम कबोल गरेको अमन फार्मेशीसँग रु. ७०७८४१ को खरिद गर्ने गरी सम्झौता भएको पाइयो ।

७८ **खोपको विवरणः**

पालिकाले जिल्ला स्वास्थ्य कार्यालय तथा प्रदेश कार्यालयबाट निश्चित कार्यक्रम गर्नको लागि प्राप्त गरेको विभिन्न किसिमको खोपहरु वितरण गर्दा उक्त खोप तोकिएको प्रयोजनमा उपयोग गरी बाँकी रहेको खोपहरु तोकिएको गुणस्तरमा नै सम्बन्धीत कार्यालयलाई फिर्ता गर्नुपर्ने दायित्व पालिकामाथि रहन्छ ।पालिकाले खोपसम्बन्धी प्रादन गरेको विवरण देहायबमोजिम छन । पालिकाले विभिन्न ११ किसिमको २००१६ गोटा खोपहरु प्राप्त गरेको छ । प्राप्त खोपहरु मध्ये १४७६५ गोटा खोपहरु सम्बन्धित कार्यक्रममा खपत भएको छ भने ४२ गोटा खोप खेर गएको देखिन्छ । साथै ५०८४ गोटा खोपहरु सम्बन्धीतलाई फिर्ता पठाएको भनाई पालिकाले राखेतापनि त्यसको पुष्टी हुने आधिकारिक कागजात पेश हुन आएन ।

क्र.स	खोपको नाम	प्राप्ति संख्या	खर्च		फिर्ता
			उपयोग भएको	विग्रेको	
१.	BCG	४१२०	२६२०	२०	१४८०
२.	ROTA	१०६६	६७६	४	३८६
३.	OPV	२१२०	१७६०		३६०
४.	FIPV	१६३५	१२८५		३४५
५.	PCV	१७२८	१२९६	८	४२४
६.	DPT/HEP/B	२१७०	१७३०	१०	४३०
७.	MR	२७७०	२११०		६५०
८.	JE	१२५०	८१५		४३५
९.	TCV	९८५	६७०		३००
१०.	HPV	६४२	५३३		३४
११.	TD	१५३०	१२७०		२४०
१२.		२००१६	१४७६५	४२	५०८४

७९ **दीर्घरोगि विरामीहरुको उपचार खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रति विरामी मासिक रु. ५००० को दरले भुक्तानी दिने गरी वर्षभरिमा दीर्घरोगि विरामीहरुको उपचार खर्च वापत कुल रु. ३१६५००० भुक्तानी गरेको पाइयो ।पालिकाले दिर्घरोगी विरामीहरुको विस्तृत विवरण खुल्ने गरी एकिकृत लगत अभिलेख नराखेको कारण कुल लाभग्राहीको संख्या, दोहोरो भत्ता वितरण तथा बढी भुक्तानी सम्बन्धमा आवश्वत हुन सकिएन । पालिकाले यस तर्फ विशेष ध्यान दिनुपर्छ

८० **नगरस्तरीय अस्पताल**

८०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगरस्तरीय अस्पतालको व्यवस्थापन समितिको निर्णयबमोजिम देहाय बमोजिमको कर्मचारीहरुलाई स्वास्थ्य विमा वोर्डबाट प्राप्त विमा रकमबाट १० प्रतिशत तथा USG गरे वापत प्राप्त भएको आम्दानीबाट सम्बन्धित चिकित्सकलाई ५० प्रतिशत प्रोत्साहन भुक्तानी दिने गरेको मौखिक जानकारी प्राप्त हुन आयो । यसरी स्वास्थ्य विमा वोर्डबाट कुन मितिमा कहिले देखि कहिले सम्मको रकम के कति प्राप्त हुन आयो सो सम्बन्धी विस्तृत व्यहोरा खुल्ने कागजात राखेको पाइएन साथै प्रोत्साहन प्राप्त गरेका कर्मचारीहरु जुन मितिमा विमा दाबि गरिएको हो सो मितिमा काम गरे नगरेको सम्बन्धमा स्पष्ट हुने विवरण कागजात पेश हुन आएन । त्यस्तै USG बाट चालु आ.व २०८१।८२ मा के कति आम्दानी के कुन सेवाग्राहीहरुबाट प्राप्त भएको हो सो सँग खुल्ने विवरण कागजात पेश भएको पाइएन । तसर्थ यसप्रकार विस्तृत विवरणको अभावमा गरिएको देहायबमोजिमको भुक्तानी रकम नियम सम्मत मान्न सकिएन ।

भौ. नं	कार्यक्रमको नाम	कर्मचारी संख्या	प्रोत्साहन रकम	कैफियत
२७।२०८१।१२।१८	स्वास्थ्य विमा प्रोत्साहन	२९	१६२१७४	१० प्रतिशत
विविध				
५।२०८१।७।१४	स्वास्थ्य विमा प्रोत्साहन	३३	२८३२००	१० प्रतिशत
	USG प्रोत्साहन	९६	३३९००	५० प्रतिशत
२।२०८१।६।१६	स्वाथ्य विमा प्रोत्साहन	४०	२०००००	१० प्रतिशत
जम्मा			६७९२७४	

अनियमित भएको	६,७९,२७४

८०.२ काउन्टर आम्दानीः अस्पताल व्यवस्थापन तथा संचालन समितिको निर्णय बमोजिम काउन्टर आम्दानी संकलन नगरिएको जानकारी मौखिक रुपमा पालिकाबाट प्राप्त भएको छ।यसमा अस्पतालले सेवा लिन आउने सेवाग्राहीहरुबाट दर्ता शुल्क, पर्चा शुल्क जस्ता अरु प्रशासनिक शुल्क आदि बाट निश्चित दरबाट आम्दानी प्राप्त गरी सेवालाई थप प्रभावकारी तथा दिगोपन बनाउन सकिन्छ । तर पालिकाले अस्पतालमा सेवा लिन आउने सेवाग्राहीहरुसँग काउन्टर सेवा वापतको राजस्व तथा दस्तुर संकलन नगरेको भनाई राखेको हुँदा यसमा सुधार हुनुपर्छ ।

८०.३ ल्याब टेस्टः पालिक अन्तर्गतका नगर स्तरीय अस्पतालले सेवाग्राहीहरुबाट यस वर्ष ल्याब परीक्षण वापत रु. ७७८३९ राजस्व असुल गरी दाखिला गरेको छ । उक्त राजस्व के कति सेवाग्राहीको के कुन रोगको कति संख्यामा टेस्ट गरी असुली भएको हो सो कुराकव सुनिश्चित हुने गरी अभिलेख व्यवस्थित गरेको देखिएन । साथै पालिकाले आम्दानीको लागि नगदी रसिदको प्रयोग गरेकोमा सोको उचित व्यवस्थापन गर्नको लागि रसिद नियन्त्रण खाता राखेको पाइएन । जसले गर्दा ल्याबवापत प्राप्त भएको असुली र दाखिला ठिक रहे नरहेको सुनिश्चित गर्न सकिएन । साथै रसिदवाट प्राप्त दैनिक आम्दानीलाई व्यवस्थित गर्न दैनिक असुलीको अभिलेख तथा मासिक अभिलेख समेत तयार गरेको पाइएन । साथै असुली अनुसारको पेश भएको दाखिला विवरण अनुसार संकलन भएको राजस्व वर्षभरिमा औषतमा महिनामा एक पटक मात्र दाखिला गरेको देखिन्छ । यसरी के कारणले संकलित राजस्व एक/एक महिना ठिला हुने गरी दाखिला भएको हो सोको यकिन गरी जरिवाना लगाउने भए जरिवाना लगाउनुपर्छ । साथै पालिकाबाट प्रभावकारी अनुगमन गरी उठनुपर्ने राजस्व उठन वाँकी भए दाखिला गर्न लगाउने साथै अस्पतालबाट प्राप्त हुने आम्दानीको स्रोतहरु स्पष्ट रुपमा देखिने गरी अभिलेखाँकन गर्ने वातावरणको विकास गरिनुपर्छ ।

८०.४ बिमाः स्वास्थ्य विमाबाट स्वास्थ्य सेवा लिने सेवाग्राहीको लगत राखि सोही लगतको आधारमा सम्बन्धित विमा वोर्ड तथा कम्पनिबाट विमावापतको रकम सोधभर्ना माग गर्नुपर्छ । स्वास्थ्य विमाको आधारमा सेवा लिने सेवाग्राहीलाई सेवा दिदा के कुन सेवा,उपचार तथा सामाग्रीमा विमाले थाम्ने हो तथा त्यसको अतिरिक्त सेवाग्राही स्वयंमले व्यहोरेको खर्च सहितको लगत सम्बन्धी अभिलेख राखी सोही बमोजिम विमा वापतको रकम सोधभर्ना माग गर्नुपर्छ । पालिकाले उपलब्ध गराए बमोजिम नगरस्तरीय अस्पतालले स्वास्थ्य विमाबाट रु. ४४१६९८८ आम्दानी गरेको देखिन्छ ।अस्पतालबाट यो वर्ष कति जना सेवाग्राहीहरुले विमावाट सेवा लिए, विमित मध्ये के कति सेवा वापतको रकम सोधभर्ना माग गरियो तथा के कति सेवा वापतको रकम सोधभर्ना माग गर्न बाँकी छ सो सम्बन्धी खुल्ने विवरण व्यवस्थित गरी नराखेको कारण पालिकाले दिएको आम्दानी यकिन गर्न सकिएन । तसर्थ पालिकाले अभिलेख व्यवस्थित गरी हिसाब किताब स्पष्ट र पारदर्शी बनाउनुपर्दछ ।

८१ **महिला स्वास्थ्य स्वयंमसेविका**

८१.१

महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका कार्यक्रम रणनीति, २०६७ को दफा २.४३.५ (ख) मा स्थानीय तहले सामान्यतया तराईमा १०००, पहाडमा ६०० र हिमालमा १५० जनसंख्याको लागि १ जना रहने गरी महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका छनौट गर्न सक्ने व्यवस्था रहेको छ । यस बाहेक स्थानीय तहको भौगोलिक अवस्था, स्थानीय आवश्यकता र आफ्नो क्षमताको आधारमा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका संख्या थप गर्न सक्ने र यसरी थप गरिएको महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाको आर्थिक भार आफैलाई व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय जनगणना २७८ बमोजिम यस पालिकामा ३०९६९ जनसंख्या रहेको छ । जसको लागि पहाडी जिल्लामा ६०० जनसंख्याको लागि १ महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका अनुसार जम्मा ५२ जना महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका नियुक्त गरी सोही बमोजिम सेवा सुविधा भुक्तानी गर्नुपर्नेमा यस पालिकामा ९९ जना महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका रहेकोले रणनीतिद्वारा तोकिएको भन्दा ४७ जना बढी महिला सामुदायिक स्वास्थ्य स्वयंमसेवि नियुक्त गरी खर्च गरेको पाइयो । यसमा पूनरावलोकन हुनुपर्दछ ।

सि. न	सेवा/ सुविधा शिर्षक	बढी संख्या	भुक्तानी दर रु.	जम्मा भुक्तानी रकम
१	पोशाक भत्ता	४७	१००००	४७००००
२	यातायात	४७	१२०००	५६४०००
३	यातायात(भिटामिन ए वापत ४ पटकको ४००)	४७	१६००	७५२००
जम्मा				११०९२००

८१.२ स्थानीय तहबाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलाप सञ्चालन सम्बन्धी मार्गदर्शन २०८१।८२ मा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका सहितको विवरण FCHV मा अनिवार्य प्रविष्टी गरी सो बमोजिम हुन आउने रकम खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले प्रदान गरेको विवरण अनुसार ९९ जना महिला स्वास्थ्य स्वयंसेविकालाई जनही रु. १२००० को दरले यातायात तथा रु. १०००० को दरले पोशाक भत्ता दिएको देखिन्छ ।पालिका अन्तर्गत दर्ता रहेको महिला स्वास्थ्य स्वयंमसेविकालाई जुनसुकै प्रकारको भत्ता दिनुभन्दा पहिला निजको सम्पूर्ण विवरण प्रणालीमा अद्यावद्यिक गरी मात्र खर्च गर्नुपर्नेमा कतिपय स्वयंमसेविकाको जन्ममिति सँग सम्बन्धित विवरण खुलेको देखिएन । तसर्थ महिला स्वयंमसेविकासँग सम्बन्धित सम्पुर्ण विवरण अद्यावधिक गरि मात्र खर्च गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

८१.३ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकामा लागु रहेको DHMIS प्रणालीमा उल्लेख भए बमोजिम महिला स्वास्थ्य स्वयंमसेविका ईश्वरी कुमारी तामाङको जन्म मिति २०२१।३।२ गते उल्लेख भएकोमा निज स्वयंमसेविका मिति २०८१।३।१ गते ६० वर्षको उमेरहदको कारण अनिवार्य अवकाश भई सकेको हुँदा त्यसपछी पनि निजलाई देहायको भौ.नंबाट देहायको रकम भुक्तानी भएको असुल गर्नुपर्छ ।

भौ . नं	कार्यक्रम	खर्च
८८।२०८१।१२।१४	पोषाक भत्ता	९९००
१०५।२०८१।१२।२७	बैठक भत्ता	८०००
१९०।२०८२।३।१२	यातायात खर्च	२०००
जम्मा		१९९००

असुल गर्नुपर्ने	१९,९००

८२ **औषधिको अभिलेखः**

स्वास्थ्य सेवा विभागबाट प.सं २०८१।०८२, चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तरगत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधि तथा औषधिजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना अषाढसम्म म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधि तथा औषधिजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अद्यावधिक गरेको देखिएन ।यसरी अभिलेख अद्यावद्यिक गरी नराखेको हुनाले मौज्दातको अवस्था समेत यकिन गर्न सकिएन । तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधिजन्य सामाग्रीहरु अभिलेख चुष्त दुरुषत राख्नुपर्छ ।

८३ एम्बुलेन्स-

८३.१ पालिकाले बनाएको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८० को दफा ८ मा एम्बुलेन्स सेवा प्रयोगमा ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई पुर्ण छुट, प्रसुती हुन अस्पताल जाने गर्भवती महिलालाई एम्बुलेन्स शुल्कमा पुर्ण छुट, तथा आर्थिक रुपमा अति विपन्न नागरिकलाई सम्बन्धित वडाको सिफारिसको आधारमा ५० प्रतिशत छुटको व्यवस्था छ । त्यस्तै निर्देशिकाको अनुसूची १ मा न्युनतम दर रु. ८०० तथा अधिकतम दर रु.२३५०० उल्लेख छ । एम्बुलेन्सबाट सेवा लिएका सेवाग्राहीहरुको नाम नामेसी, परिचय तथा एम्बुलेन्स गुडेको ठाउँ खुल्ने गरी लग बुक समेतको अभिलेख व्यस्थापन नगरेको साथै असुलीको लागि नगदी रसिद प्रयोग गरेकोमा रसिद नियन्त्रण खाता नराखेकोमा एम्बुलेन्सबाट गर्नुपर्ने तथा गरिएको असुली तथा दाखिला सम्बन्धमा आवश्त हुन सकिएन । न.प्र.१-०४-००१ झ ००४७ नम्बरको एम्बुलेन्स चालक खगेन्द्र राईले कुल ३२५ थान रसिद मध्ये १०० थान रसिद निशुल्क तथा २२५ थान रसिदको प्रयोगबाट न्युनत रु.२०० देखि अधिक्तम रु.२००० को शुल्क लिई कुल रु. ३७५५३४ असुल गरेको देखिन्छ । यसरी निशुल्क सेवा लिने सेवाग्राहीको अभिलेख व्यस्थित नराखेको कारण यसतर्फ आश्वस्त हुन सकिएन । न.प्र. ०१-०३-००१ झ ००६ नम्बरको एम्बुलेन्स चालक राम लोहारले न्युनत रु.२०० देखि अधिक्तम रु.२००० को शुल्क लिई कुल रु. ३५२८०० असुल गरेको देखिन्छ । यसरी निशुल्क सेवा लिने सेवाग्राहीको अभिलेख व्यस्थित नराखेको कारण उठनुपर्ने राजस्व उठे नउठेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।

८३.२ पालिका अन्तर्गतको महमाई स्वास्थ्य चौकीबाट सञ्चालित एम्बुलेन्समार्फत संकलन भएको राजस्व पालिकाको खातामा नगरी स्वास्थ्य चौकीको खातामा जम्मा गरेको भनाई पालिकाले राखेको छ । यसरी पालिकाले आफ्नो नियमित बजेटबाट एम्बुलेन्स सञ्चालन खर्च व्यहोरेकोमा उक्त एम्बुलेन्सबाट प्राप्त भएको आम्दानी पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेमा सो अनुसार नगरेको हुँदा हालसम्म उक्त एम्बुलेन्सबाट संकलन भएको आम्दानी असुली तथा दाखिला यकिन गरी पालिकाको खातामा आम्दानी जनाउनुपर्छ ।

८४ आन्तरिक आय -

पालिकाले सुत्र अन्तर्गतको राजस्व व्यवस्थापन प्रणालीलाई प्रयोग गरी पालिकाले प्राप्त गर्ने आन्तरिक आयको व्यवस्थापन गर्दे गरेको भनाई राखेको छ । उक्त प्रणाली हेर्दा देहायबमोजिमको वडाहरुले सिर्जित गरेको रसिद , दाखिला फाराम तथा विनियोजन तर्फको म.ले.फा.न २७० को अनुसुची ४ राजस्व संकलन गर्ने कार्यालय अनुसारको विवरणविच फरक फरक व्यहोरा देखिएको हुँदा पालिकाले पेश गरेको असुली, दाखिला सम्बन्धमा यकिन गर्न सकिएन ।

पालिका तथा वडा नं	सिस्टमबाट सिर्जित रसिद संख्या	सिस्टमा देखिएको रसिद अनुसारको असुल रकम	सिस्टमा देखिएको दाखिला फाराम अनुसारको रकम	विनियजन तर्फको म. ले . फा . नं २७० अनुसुची ४ अनुसारको रकम
पालिका	३२७	१४८४१४१७.१	३८, ७८ , ०४५.०५	१, ०२ , ५७ , ४६९.०५
१	१९३	८३३४२२.४	३, ८४ , ९७२.२०	४, ४८ , ४५०.२०
२	२४२	१५८५६४२.८	७, ९१ , ४७२.	७, ९२ , ४७२.४०
३	२०८	६९११८४.८	३, ४५ , ५९२.४०	३, ४५ , ५९२.४०
४	२३६	१२८७४६९.३६	६, ४३ , ७३४.६८	६, ४३ , ७३४.६८
५	२१६	८८४३१६.३६	४, ४२ , १५८.१८	४, ४२ , १५८.१८
६	२२५	९५२१५३.७८	४, ७६ , ०७६.८९	४, ७६ , ०७६.८९
७	२२८	१४६६३९९.१६	७, ३३ , १९९.५८	७, ३३ , १९९.५८
८	२२३	९५५६४३.६	४, ७७ , ८२१.८०	४, ७७ , ८२१.८०
९	१५४	६७७८२८.	३, ३८ , ९१४.००	३, ३८ , ९१४.००
१०	२२०	१३८३९८८.०८	६, ९१ , ९९४.०४	६, ९१ , ९९४.०४

४ को विवरणविच भिन्नता रहेको भनाई पालिकाले राखेको छ । यसरी पालिकाको जम्मा आम्दानी व्यवस्थित हुने गरी अभिलेख राख्नुपर्छ ।

८५ **बिभाज्य कोष**–

पालिकाले ढुङ्गा गिट्टि,बालुवाको आय ठेक्काको लागि सुचना प्रकाशन गरेकोमा यस बर्ष ठेक्का बन्दोवस्त भएको देखिएन। पालिकाले नगरमा सञ्चालित ठेक्का पट्टाको योजना तथा उपभोक्ता समिति मार्फत प्रयोग भएको ढुङ्गा गिट्टिको प्रयोग वापत विभाज्य कोष खातामा रु.३२९०१७४.७६ राजस्व संकलन गरेको छ । पालिका तथा वडा कार्यालय मार्फत योजनाको भुक्तानी तथा सिफारिसको बखतमा लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा प्रयोग भएको ढुङ्गा,गिट्टि तथा वालुवाको मूल्यांकन गरी राजस्व संकलन गरेको जनाएको छ । यसरी राजस्व संकलन गरेकोले नदिजन्य पद्धार्थको उत्खनन गरी चुहावट हुने सम्भावना देखियो । ढुङ्गा, गिट्टिको उत्खनन गरी प्रयोग भएको वास्तविक परीमाणको सम्बन्धमा यकिन गर्न सकिएन । ढुङ्गा, गिट्टिको चोरी निकासी तथा उत्खनन नियन्त्रण गर्न पालिकाले पहल गर्नुपर्दछ ।

८६ **द्विविधायुक्त कानुनी व्यवस्था** -

कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा (७) मा प्रदेश भित्रको ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, चिप्स, चुनढुङ्गा, अभ्रख, खरीढुङ्गा, चट्टान, स्लेट, माटो, बलौट, भरौट र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानुन बमोजिम वाताबरणीय अध्ययन स्वीकृत गराउनु पर्ने, सोही ऐनको अनुसुची- ६ बमोजिम प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्क अशुल गरी ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यबस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लितखित पदार्थ सङ्कलन तथा बिक्रीबाट रु.३२९०१७४.७६ संकलन गरेकोमा प्रदेश सञ्चित कोषमा रु.९,५१,४११.०९ दाखिला गरी रु. ३,६४,६५८ पठाउँन बाकि रहेको देखियो । स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार कुनै रकम प्रदेश संचित कोषमा पठाएको देखिएन । कानुनी व्यवस्थामा बिबिधता हुँदा संकलित रकम जम्मा गर्न तथा बाँडफाँट सम्बन्धमा स्पष्टता नभएको अबस्था रहेको देखिन्छ ।संघ तथा प्रदेशबाट जारी भएका कानुनमा द्विविधा नहुने गरी कार्यान्वियनमा गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

८७ **मू.अ.कर-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३७८,५१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८८ **विज्ञापन कर** -

पालिकाको आन्तरीक आय सङ्कलन (ठेक्का वन्दोवस्त) कार्यविधि, २०८० को बुँदा नं ४ (ग) खण्ड क बमोजिमको कार्यान्वियन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एकलाख पचासहजार रुपैया भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र एकलाख पचासहजार रुपैया भन्दा बढी उठ्ने भएमा बोलपत्र आवहान गरी सम्झौता गर्ने उल्लेख छ । पालिकाले यो वर्ष विज्ञापन कर वापत मुअकर वाहेक रु.१,००,००० असुल गर्ने गरी आय अनुमान स्विकृत गरेकोमा अर्ना हन्टर्स प्रालीको २०८०।७।२१ को निवेदन अनुसार वार्षिक रु.४०२७० मा प्रत्येक वर्ष १० प्रतिशत वृद्धि गर्नेगरी सम्झौता गरेको देखियो । यो बर्ष विज्ञापन कर वापत रु.४४,२९७ संकलन भएकोमा छ । लागत अनुमान भन्दा न्युन मुल्यमा सम्झौता गर्नुको कारण र आधार नखुलेको तथा विना प्रतिस्पर्धा ५ वर्ष अवधिको आय संङ्कलनका लागि सम्झौता गरेको नियम सम्मत देखिएन ।पालिकाले यस सम्वन्धमा पुनरावलोकन गरी नियमित गर्नुपर्ने देखिएको रु.

अनियमित भएको	४४,२९७

८९ **मनोरञ्जन कर** –

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५,७५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९० **मु.अ.कर दाखिला** -

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिवृद्धि कर लाग्ने वस्तु विक्रिमा मुल्य अभिबृद्धि कर लगाउन पाउने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष विज्ञापन कर वापत अर्ना हन्टर्स प्रालीवाट प्राप्त भएको रु.४४२९७ मा प्राप्त गर्नुपर्ने मुअकर रु.५०९६ असुल भएको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	५,०९६

९१ **मू.अ.कर शीर्षक** –

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु.अ.कर असुल गरी त्यस्तो कर राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले सेवा शुल्क कर वापत रु.२६,०५,००० संकलन गरेकोमा सोको मू.अ.कर रकम रु.३,३८,६५० मू.अ.कर शीर्षक नं.३३३१७(बेदर्ता शीर्षक) मा दाखिला गरको भएता पनि निर्माण व्यवसायीले आफ्नै निर्माण भ्याट नं.६०४०३९२०२ उल्लेख गरी दाखिला गरेको देखिएकोले पालिकाको नामबाट दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,३८,६५०

९२ **आन्तरिक आयको लागत अनुमान** -

पालिकाको आन्तरीक आय सङ्कलन (ठेक्का वन्दोवस्त) कार्यविधि, २०८० को बुँदा नं ४ मा पालिकाले आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अंक र असुली कार्यतालिका समेत भाएको कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्ने ठेक्का बन्दोबस्त गर्नको लागि नगरसभाले निर्धारण गरेको दररेट,

ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्ने उल्लेख छ।तर पालिकाले यो वर्ष कार्यविधिमा भएको व्यवस्था विपरीत कार्ययोजना लगायत तयार नगरी नगर कार्यपालिकाको वैठक वाट एकमुष्ठ देहाय बमोजिम कर निर्धारण गरी ठेक्का आव्हान गर्ने निर्णय गरेको देखिन्छ । उक्त कर अनुमानको कुनै आधार समावेश भएको छैन। आन्तरीक आयको लागि आय अनुमान गर्दा विगत वर्षको अनुमान , वास्तविक असुली, वर्तमान कारोवारको अवस्था लगायतको विषयलाई आधार लिई आय अनुमान गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

९३ **नदीजन्य पदार्थको आय ठेक्का -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च) ले ढुंगा गिट्टी वालुवा जस्ता नदी जन्य पदार्थको दर प्रदेशले निर्धारण गर्ने व्यवस्था छ । यसरी दर निर्धारणको क्षेत्राधिकार नगरसभामा दिएको र निर्धारण भएको दरलाई आधारमानी उत्खनन र संकलनको अनुमति दिने र विक्रीको लागि अनुमति दिने काम नगरपालिकाले गर्नुपर्ने देखिन्छ। यस माई नगरपालिकाले गत वर्ष २०८०।८१ मा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी न्यूनतम रुपमा तोकिएको परिमाणमा ठेक्का पट्टाको माध्यमवाट आय आर्जन गर्ने काम गर्नु पर्नेमा मिति २०८१।११।१८ मा ३ वटा खोलामा कुल ३५१६२ घनमिटरको कुल ६४३४४५०.९२ (मुअकर वाहेक)को ठेक्का आव्हान गरेको देखियो । सो वोलपत्रमा कुनैपनि वोलपत्र दाता सहभागि भएको देखिएन । सो पश्चात पालिकाले पुन सूचना आव्हान गरेको देखिएन । जसले गर्दा चोरी निकासी बढ्ने, नदीको क्षेत्र परिवर्तन हुने तथा उपयोग गर्न सकिने ढुंगा गिटी वालुवा जस्ता नदीजन्य पदार्थ त्यसै खेर गएको अवस्था देखियो । यसरी श्रोत उपयोग ठेक्का नभएको कारणवाट रु. २७३९६१८२.६० आम्दानी गुमेको अवस्था छ । पालिकाले स्विकृत भएको प्रारम्भिक वातावरणिय मुल्याङ्कन प्रतिवेदन बमोजिम अन्य निकायहरु सँग समेत समन्वय र सहकार्य गरी आन्तरीक आय प्राप्ति गर्नुपर्ने देखिन्छ ।

क्रम संख्या	नदीको नाम	सामाग्रिको किसिम	न्यूनतम मूल्यांकन परिमाण(बार्षिक)	उठ्ने रकम रु
१	तितिरे गेरुवा दोभान माई (१ स्थान)	गिटि / ढुङ्गा	८५५ घन मिटर	२११३५८
		बालुवा	२५६५ घन मिटर	५४३४९३
		भरौट	१३६८० घन मिटर	१९३२४२०
२	माइखोला शाखा नदीहरु(विभिन्न ८ स्थान)	गिटि / ढुङ्गा	४००५. ७५ घन मिटर	९९०२३३
		बालुवा	१३८३३. ६५ घन मिटर	२९३११८७
		भरौट	६२२७२. ६०घन मिटर	८७९६५५३
३	लोदिया खोला(विभिन्न ४ स्थान)	गिटि / ढुङ्गा	५५१५. ७५ घन मिटर	१३६३५०९
		बालुवा	१२४२३ घन मिटर	२६३२२८७
		भरौट	५६५९९. २५घन मिटर	७९९५१४२
जम्मा				२७३९६१८२.६

९४ **सामुदायिक वन राजस्व न्यून दाखिला -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यक्रम स्विकृतका लागि निवेदन पेश गरेका ३३ सामुदायिक वनको सिफारीस गरेकोमा कार्ययोजना स्विकृतको अभिलेख, लेखापरीक्षण प्रतिवेदन तथा राजस्व असुलीको अभिलेख समेत तयार गरेको देखिएन। लेखापरीक्षणका क्रममा सामुदायिक वनको स्विकृत कार्ययोजना तथा लेखापरीक्षण माग भएकोमा कुल २१ सामुदायिक वनको लेखापरीक्षण प्रतिवेदन मात्र पेश भएको छ । यो वर्ष २० सामुदायिक वन उपभोक्ता समितिले विगत वर्षको विक्री बमोजिम यो वर्ष कुल रु.३०,००,००७ राजस्व दाखिला गरेको

देखिन्छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा गत वर्षको वन पैदावार विक्रीको १० प्रतिशत रकम जम्मा गर्नुपर्नेमा सो भन्दा न्युन राजस्व दाखिला गरेको देखिएको, अन्य सामुदायिक वनको लेखापरीक्षण प्रतिवेदन अनुसार कुल विक्री आय एकीन नगरेको, देहाए बमोजिमका उपभोक्ता समितिबाट नपुग राजस्व रु.२४४२८९ असुल गरी पालिकाले सम्पुर्ण सामुदायिक वन उपभोक्ता समितिलाई करको दायरामा ल्याउने तथा थप राजस्व रकम यकिन गरी असुल गर्नु पर्ने देखिएको रु.

सि.नं.	उपभोक्ता समुह	कुल वन पैदावार विक्री (२०८०।८१)	वुझाउनुपर्ने राजस्व	बुझाएको राजस्व रकम	नपुग राजस्व रकम
१	चुलाचुलि डहुई सा.व.उ.स. माई ६	६०७४००	६०७४०	-	६०७४०
२	पशुपति पलेटार सा.व.उ.स. माई १ र ३	११४५०००	११४५००	-	११४५००
३	जलकन्या सा.व.उ.स माई ९	४४२५५३	४४२५५	४१७५६	२४९९
४	कन्काई सा.व.उ.स. माई २	६६५५००	६६५५०	-	६६५५०
				जम्मा	२४४२८९

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२५०,९७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८५,४५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **३५९,४१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१** को निर्णयले रू **२१७,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **२५३,६३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२९,१५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१** को निर्णयले रू **६३७,५१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **७१,६१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१३,४७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१** को निर्णयले रू **६,०३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,४४,२८९

९५ **वितरणमुखी खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ ले सरकारी खर्चलाई मितव्ययी बनाउने तथा वितरणमुखी कार्यमा खर्च गर्दा प्रयाप्त तयारी गरी न्यूनतम खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई निम्नानुसारको रु. ३५४९७७१.०० को वितरणमुखी खर्च गरी नगद तथा विभिन्न सामाग्री वितरण गरेको छ । यस्तो वितरणमुखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं ./ मिति	भुक्तानी लिने व्यक्ति/ संस्था	खर्च रकम रु.
३२।२०८१।५।३१	तिज विषेश कार्यक्रम	१५४२२५.
६५।२०८१।६।२२	शिक्षा दिवश	१५००००.
१९६।२०८१।१०।२९	कन्काई मा. वि . पुस्तकालय कार्पेट व्यवस्थापन	५००००.
१९६।२०८१।१०।२९	विद्यालयमा शैक्षिक सामाग्री वितरण	९९९५९.
१९६।२०८१।१०।२९	कृषकलाई विषादी वितरण	४९९४५८.
२४४।२०८१।१२।११	विद्यालयमा शैक्षिक सामाग्री खरिद वितरण (सरस्वती मा . वि .)	१०००००.
२४४।२०८१।१२।११	विद्यालयमा शैक्षिक सामाग्री खरिद वितरण (बाल कल्याण आ . वि .)	१०००००.
२६२।२०८१।१२।११	विद्यालयमा शैक्षिक सामाग्री खरिद वितरण (दिप ज्योती आ . वि .)	१०००००.
३१९।२०८२।१।४	जेष्ठ नागरीक भ्रमण कार्यक्रम	१९१८०५.
३२०।२०८२।१।४	एकल महिलालाई पानी तान्ने पम्प सिलाई मेशिन लगायत सामाग्री खरिद वितरण	३९४३७०.
२४४।२०८१।१२।११	विद्यालयमा शैक्षिक सामाग्री खरिद वितरण (सिशु सेवा मा . वि .)	२४९३१८.
३५३।२०८२।१।३१	विद्यालयमा शैक्षिक सामाग्री खरिद वितरण (जनकल्याण आ . वि .)	१०००००.
३६५।२०८२।२।१३	महिला समुहलाई भाडाकुडा वितरण(भञ्ज्याङ्ग महिला समुह उ . स .)	५००००.
४११।२०८२।३।१२	अपाँगता भएका व्यक्तिलाई सिरक, झुल वितरण (अपांग माई ४ उ . स .)	८००००.
४१६।२०८२।३।१२	स्वयंसेवक गार्ड तलव भत्ता वितरण(श्री युवा वर्ष माध्यामिक विद्यालय)	१५००००.
४१८।२०८२।३।१३	सुत्केरी पोषण वितरण	११०६८३.
४२६।२०८२।३।१	टोल विकास संस्था व्यवस्थापन (श्री वरपानी टोल विकास संस्था)	४००००.
४२६।२०८२।३।१	महिला समुहलाई सिलाई मेशिन वितरण (	७९९९९.
४२९।२०८२।३।१८	विद्यालयमा पोशाक खरिद वितरण (श्री विन्ति विनायक आ . वि .)	५००००.
४२९।२०८२।३।१८	विद्यालयमा पोशाक खरिद वितरण (श्री श्रीजंगा आ . वि .)	५३३६८.
४५८।२०८२।३।१८	जेष्ठ नागरीकलाईझुल वितरण	६६०२९.
४७७।२०८२।३।१८	साँस्कृतिक बाजा खरिद वितरण तथा विभिन्न तालिम कार्यक्रम (नेपाल आदिवासी जनजाती महासंघ)	६८०५५७.
जम्मा		३५४९७७१

९६ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, नियम ८५ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान, पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सो उपनियमहरुमा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले यो वर्ष मशलन्द कार्यालय सामाग्री, विविध प्रकारको विद्युतिय

सामाग्री लगायतको खरिद कार्य बोलपत्र आह्वान नगरी एक आर्थिक वर्षमा सोझै खरिद गरी रू. २०६८३४३भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद कानूनको पालना गरी सोझै खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

९७ **खेलकुद कार्यक्रम संचालनः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा गाउँपालिका तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु. २९०८००९.०० भुक्तानी गरेको छ । उक्त कार्यक्रमको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ । नर्म्स तथा कार्यविधि तयार गरी त्यस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं . / मिति	भुक्तानी लिनेको नाम	भुक्तानी रकम रु.
६४।२०८१।६।२२	प्रथम वडाध्यक्ष कप२०८१ (श्री शीतली स्पोर्टिङ्ग क्लव)	१२५०००.
८१।२०८१।७।१४	वडा खेलकुद व्यवस्थापन वडा नं. ३	८००००.
९२।२०८१।७।२८	वडा खेलकुद व्यवस्थापन वडा नं. ८	४९९७९.
१३०।२०८१।९।८	राष्ट्रपति रनिङ्ग शिल्ड	५०००००
१९०।२०८१।१०।२५	राष्ट्रपति रनिङ्ग शिल्ड	४५५७२०
२५४।२०८१।१२।१२	राष्ट्रपति रनिङ्ग शिल्ड(जिल्ला खेलकुद विकास समिति)	१३०००००
२५५।२०८१।१२।१२	राष्ट्रपति रनिङ्ग शिल्ड	२१३७६२
२५६।२०८१।१२।१२	राष्ट्रपति रनिङ्ग शिल्ड	३८०४०
३१४।२०८१।१२।२९	राष्ट्रपति रनिङ्ग शिल्ड(विर्ता सर्जिकेम एण्ड सपलायर्स)	४५८४२
३९०।२०८२।३।१	वडा खेलकुद व्यवस्थापन वडा नं. ७	९९६६६.
जम्मा		२९०८००९.

९८ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ त्यस्तै नियम ८५ मा पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मत गर्दा एकै आपुर्तकबाट वार्षिक पाँच लाख रुपैया भन्दा बढीको सवारी साधन मर्मत गर्दा खरिद कार्य बोलपत्र आह्वान नगरी सोझै खरिद गरी रू. २९४७९८७ भुक्तानी गरेको देखियो । नियमानुसार बोल पत्र आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

९९ **शिक्षातर्फ** -

९९.१ **पालिका करार शिक्षक** – शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको

कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ।साथै अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा पालिकातर्फ २ जना भाषा शिक्षक, ७ जना बिषयगत शिक्षक र बालविकासतर्फ १३ जना समेत २२ शिक्षक करारमा नियुक्त गरी यो वर्ष आन्तरिक स्रोत / राजस्व बाँडफाट स्रोतबाट शिक्षकको पारिश्रमिकमा रु.८५ लाख १३ हजार ७५६ तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

विद्यालयको नाम	बालविकास दरबन्दी	स्थायी कार्यरत दरबन्दी	करार	राहत	पालिका अनुदान	भाषा शिक्षक	जम्मा पदपूर्ति	रिक्त दरबन्दी	जम्मा दरबन्दी	विद्यालय कर्मचारी	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
अम्लिसे भञ्ज्याङ आ.वि.	०	३	०	०	०		३	०	३	१	३९	१३
आदर्श आ.वि.	१	२	०	१	०		३	०	३	१	५३	१८
आदर्श बुद्ध आ.वि.	१	२	०	१	०		३	०	३	१	४३	१४
कञ्चन आ.वि.	०	०		०	०		०	०	०	०	०	०
कञ्चनजंघा आ.वि.	०	०		१	०		१	०	१	१	९	९
कन्काई मा.वि.	१	१९	६	१	१		२६	०	२७	२	७८०	२९
कन्काई सरस्वती आ.वि.	०	०	०	०	०		०	०	०	०	०	०
कामना आ.वि.	१	३	०	१	०		४	०	४	१	६३	१६
कृष्ण मा.वि.	०	५	१	३	०		९	०	९	२	१२४	१४
कैलाश आ.वि.	२	३	०	०	०		३	०	३	१	९६	३२
गंगादेवी आ.वि.	०	२	०	०	०		२	०	२	१	४०	२०
गरुवा आ.वि.	१	६	०	१	१		७	०	८	१	३२०	४०
गुनमुने आ.वि.	१	३	०	१	०		४	०	४	१	९१	२३
गौरीशंकर आ.वि.	१	१	०	०	०		१	०	१	१	३०	३०
चन्द्रज्योति आ.वि.	०	३	०	२	०		५	०	५	१	७५	१५
चन्द्र सूर्य आ.वि.	१	२	१	१	०		४	०	४	१	५१	१३
जनकल्याण आ.वि.	०	३	०	१	०		४	०	४	१	५५	१४
जनता मा.वि.	०	१४	०	०	१		१४	०	१५	२	२६६	१८
जनता आ.वि.	१	२	०	०	०		२	०	२	१	२४	१२
जन सिद्ध आ.वि.	१	३	०	१	०		४	०	४	१	७०	१८
जनसेवक आ.वि.	१	२	०	१	०		३	०	३	१	३२	११
जोर पोखरी	०	०	०	१	०		१	०	१	१	६	६

आ.वि.												
त्रिभुवन आ.वि.	१	३	१	२	०		६	०	६	१	७२	१२
दिपज्योति आ.वि.	१	२	०	१	०		३	०	३	१	३४	११
दिपज्योति आ.वि.	१	२	०	१	०		३	०	३	१	३२	११
फूलबारी नमुना आ.वि.	०	०	०	०	०		०	०	०	०		०
बालकल्याण आ.वि.	१	२	१	१	०		४	०	४	१	३२	८
बालकल्याण आ.वि.	०	०		०	०		०	०	०	०		०
बालप्रगति आ.वि.	१	१	०	०	०		१	०	१	१	१७	१७
बालमन्दिर आ.वि.	०	३	०	०	०		३	०	३	१	४४	१५
बुद्ध आ.वि.	१	४	०	१	०		५	०	५	१	९४	१९
भगवती मा.वि.	१	५	२	६	१	१	१३	०	१५	२	२४२	१६
भगवती सिद्ध आ.वि.	०	०		०	०		०	०	०	०	०	०
युवावर्ष मा.वि.	१	६	०	५	०		११	०	११	२	१९०	१७
लक्ष्मी आदर्श मा.वि.	२	८	१	५	१		१४	०	१५	२	२७३	१८
लक्ष्मी जनता आ.वि.	१	०	०	१	०		१	०	१	१	३०	३०
लक्ष्मी विद्या भवन आ.वि.	१	६	०	१	०		७	०	७	१	८०	११
विन्ति विनायक आ.वि.	२	५	०	२	०	१	७	०	८	१	१५७	२०
विरेन्द्र मा.वि.	१	१०	०	१	०		११	०	११	२	३०७	२८
शान्ति आ.वि.	०	०	१	०	०		१	०	१	१	१४	१४
शिशुसेवा मा.वि.	२	७	०	३	२		१०	०	१२	२	१४५	१२
श्रीजंघा आ.वि.	१	१	०	१	०		२	०	२	१	३८	१९
संकल्प आ.वि.	०	१	१	१	०		३	०	३	१	२६	९
सरस्वती मा.वि.	०	७	०	५	०		१२	०	१२	२	१६४	१४

सिंहआदर्श आ.वि.	१	७	०	१	०		८	०	८	१	१०५	१३
सिंहदेवी आ.वि.	१	१	१	०	०		२	०	२	१	१२	६
सिंहदेवी आ.वि.	०	०	०	०	०		०	०	०	०	०	०
सूर्योदय आ.वि.	०	३	१	१	०		५	०	५	१	८३	१७
हिमालय मा.वि.	१	७	२	०	०		९	०	९	२	१७०	१९
जम्मा दरबन्दी सङ्ख्या	३४	१६९	१९	५६	७	२	२४४	०	२५३	५३	४६२८	१८

९९.२ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ४३ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन।

क्र.स.	विद्यालयको नाम	कुल निकासा	विद्यार्थी संख्या २०८१	प्रति विद्यार्थी लागत
१	अम्लिसे भञ्ज्याङ् आ.वि., माई–१	२१०५०१२	३९	५३९७४.६७
२	आदर्श आ.वि., माई–९	२१६०६२३	५३	४०७६६.४७
३	आदर्श बुद्ध आ.वि., माई–१	२१२८८१२	४३	४९५०७.२६
४	कञ्चनजंघा आ.वि., माई–७	७७४८७३	९	८६०९७
५	कन्काई मा.वि., माई–२	१९०३२०९३	७८०	२४४००.१२
६	कामना आ.वि., माई-२	३०३५३२१	६३	४८१७९.७
७	कृष्ण मा.वि., माई-५	६२९३८७०	१२४	५०७५७.०२
८	कैलाश आ.वि., माई–१०	३०१०२७१	९६	३१३५६.९९
९	गंगादेवी आ.वि., माई-५	१३३५३१८	४०	३३३८२.९५
१०	गरुवा आ.वि., माई-४	५४७३०८८	३२०	१७१०३.४
११	गुनमुने आ.वि., माई–९	३४९५५४०	९१	३८४१२.५३
१२	गौरीशंकर आ.वि., माई-८	१११३५६३	३०	३७११८.७७
१३	चन्द्रज्योति आ.वि., माई-३	३२१६०१०	७५	४२८८०.१३
१४	चन्द्र सूर्य आ.वि., माई–१	२६०१७७१	५१	५१०१५.१२
१५	जनकल्याण आ.वि., माई-५	२९७४३८१	५५	५४०७९.६५
१६	जनता आ.वि., माई–८	१६२३४३५	२४	६७६४३.१२
१७	जनता मा.वि., माई-९	१०४६८६४६	२६६	३९३५५.८१
१८	जनसिद्ध आ.वि., माई-८	२९४४८१०	७०	४२०६८.७१
१९	जनसेवक आ.वि., माई-९	२१९७३०१	३२	६८६६५.६६
२०	जोर पोखरी आ.वि., माई–८	७७३४०९	६	१२८९०१.५
२१	त्रिभूवन आ.वि., माई-४	३९०३२६६	७२	५४२१२.०३
२२	दिपज्योति आ.वि., माई–४	२१७४०३१	३४	६३९४२.०९
२३	दिपज्योति आ.वि., माई–६	२१८०००१	३२	६८१२५.०३
२४	बालकल्याण आ.वि., माई–२	२५१४३५४	३२	७८५७३.५६
२५	बालप्रगति आ.वि., माई–५	१०७७०७०	१७	६३३५७.०६
२६	बालमन्दिर आ.वि., माई-३	२०४९१७२	४४	४६५७२.०९
२७	बुद्ध आ.वि., माई-७	२९५०६९२	९४	३१३९०.३४
२८	भगवती मा.वि., माई–६	९३४६००८	२४२	३८६१९.८७
२९	युवावर्ष मा.वि., माई-१	८०५७५०३	१९०	४२४०७.९१
३०	लक्ष्मी आदर्श मा.वि., माई–८	९७५२९६३	२७३	३५७२५.१४

३१	लक्ष्मी जनता आ.वि., माई-५	१०६१७८४	३०	३५३९२.८
३२	लक्ष्मी विद्या भवन आ.वि., माई-५	४५६५५४२	८०	५७०६९.२८
३३	विन्ति विनायक आ.वि., माई–६	५३६०६८५	१५७	३४१४४.४९
३४	वीरेन्द्र मा.वि., माई-७	९१९०५८३	३०७	२९९३६.७५
३५	शान्ति आ.वि., माई-५	६४९०६८	१४	४६३६२
३६	शिशुसेवा मा.वि., माई–२	८०३९०८१	१४५	५५४४१.९४
३७	श्रीजंघा आ.वि., माई-६	१६६८६१८	३८	४३९११
३८	संकल्प आ.वि., माई-५	२११७७१३	२६	८१४५०.५
३९	सरस्वती मा.वि., माई–३	८९८१२२५	१६४	५४७६३.५७
४०	सिंह आदर्श आ.वि., माई-१०	५६९९७४७	१०५	५४२८३.३
४१	सिंहदेवी आ.वि., माई–६	१३०९२५३	१२	१०९१०४
४२	सूर्योदय आ.वि., माई-५	३५९७२५१	८३	४३३४०.३७
४३	हिमालय मा.वि., माई–१०	७२१९६३२	१७०	४२४६८.४२

उल्लिखित विवरण अनुसार सबै भन्दा धेरै प्रति विद्यार्थी लागत श्री सिंहदेवी आ.वि., माई–६ विद्यालयको रू.१०९१०४ र सबै भन्दा कम प्रति विद्यार्थी लागत गरुवा आ.वि., माई-४ विद्यालयको रू.१७१०३.४ देखियो। धेरै प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गरी कार्यान्वयन गर्नुपर्दछ।

९९.३ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

क्र.स.	विद्यालयलाई अनुदान	विद्यालयको संख्या	निकासा रकम रु.
१	पाठ्यपुस्तक अनुदान	४३	२४९३३०२/-
२	छात्रवृति अनुदान	४३	४४०६६०/-
३	दिवा खाजा	४३	४३६०७६०/-
४	आइसिटि सामग्री खरिद	१	६५००००/-
४	कार्य सम्पादन आधारित अनुदान	२	५०००००/-

९९.४ **सेनिटरी प्याड खरिदः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११९१ जना रहेका छन।कार्यविधि अनुसार प्रति छात्रा १६ पिस (२ प्याकेट) १० महिनाको लागि २३८२० प्याकेट प्याड खरिद गर्नुपर्नेमा १६८२८ प्याकेट प्याड खरिद गरेको छ । बोलपत्र बाट खरिद गरी गो.भौ.नं.२४४।२०८२-०३-२३ बाट जस्मिन हाइजिन प्रोडक्ट्स प्रा.लि. लाई १६८२८ प्याकेट प्रति प्याकेट रु.४५.२(मू.अ.कर समेत) दरले रु.७,६०,६२५ (मू.अ.कर सहित) मा खरिद गरेकोमा एकमुष्ठ १९

विद्यालयमा वितरण गरेको छ । विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा आंशिक रुपमा पठाएको पाइयो । पालिकाबाट विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी वितरणको सुनिश्चितता हुनुपर्दछ ।

९९.५ **बालविकास सहजकर्ता-** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१/८२ तथा प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा विद्यार्थी संख्या र वालविकास सहजकर्ता अनुपात नमिलाई वाल विकास सहजकर्ता कार्यरतका आधारमा पारिश्रमिक संघ सशर्तबाट रु १००००।- र पालिकाबाट रु.७३००।- समेत रु.१७३००।- दरले वढी कार्यरत ४ जनाको रु. ९,३९,६०० (चाडपर्व खर्च र पोशाक भत्ता समेत) भूक्तानी भएकोले नियमसम्मत नदेखिएको रु.

विद्यालयको नाम	विद्यार्थी संख्या	राख्नुपर्ने बालविकास शिक्षक	सशर्त अनुदानबाट राखेको बालबिकास शिक्षक	पालिकाबाट राखेको बालविकास शिक्षक	बढी शिक्षक
बिन्ती विनायक आधारभूत विद्यालय	१३	१	२	०	१
लक्ष्मी आदर्श मावि	९	१	२	०	१
शिशुसेवा मावि	१४	१	२	०	१
त्रिभुवन आधारभूत विद्यालय	२२	१	१	१	१

अनियमित भएको	९,३९,६००

९९.६ **चाडपर्व खर्च** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका अग्रेजी,गणित शिक्षण सिकाई अनुदानको लागि देहायका शिक्षकको नियुक्तीको ६ महिना कटि चाडपर्व खर्च भुक्तानी गरेकोमा चाडपर्व खर्चको अभिलेख नराखेको, साथै एक आर्थिक बर्षमा एक पटक मात्र चाडपर्व खर्च भुक्तानी लिनु पर्नेमा २०८२ असोजमा समेत चाडपर्व खर्च रकम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

शिक्षकको नाम	विद्यालयको नाम	चाडपर्व खर्च	भुक्तानी महिना
विजय तामाङ्ग	कन्काई मा.वि.	४८७३७	२०८१ । माघ
दिपेन्द्र धमाल	कन्काई मा.वि.	४३६८९	२०८१।माघ
सिर्जना आचार्य	कन्काई मा.वि.	३४७७०	२०८१।माघ
हंसराज लिम्बु	सरस्वती मा.वि.	४३६८९	२०८१।माघ
	जम्मा	१७०८८५	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३२,९०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३६,७३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,७०,८८५

१०० **गरुवा क्याम्पसलाई अनुदानः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक विद्यालय तहसम्म तलव तथा अन्य विद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ। तर यस नगरपालिकाले यस वर्ष पालिकामा सञ्चालित गरुवा क्याम्पसलाई तलव भत्ता प्रयोजनको लागि रु.२८,९५,२२४.०० अनुदान दिएको पाइयो। यसरी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगवाट समेत अनुदान पाउने अवस्थामा नगरपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्पसलाई तलव भत्ता शिर्षकमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.,

अनियमित भएको	२८,९५,२२४

१०१ **ठेक्का नं. MN/NCB/Works /०८/०७९-८०**

वडा नं.१० निर्माण कार्यको लागत अनुमान रु.१ करोड ६३ लाख ७५ हजार रहेकोमा न्यूनतम रु.१ करोड ०६ लाख २१ हजार कबोल गर्ने श्री भान्जा रिलायन्स निर्माण सेवासँग मिति २०८०-०७-२४ मा कार्यसम्पन्न गर्ने गरी २०७९-१०-१९ सम्झौता भएकोमा दोस्रो पटक २०८१-०६-३० सम्म कार्यसम्पन्न गर्ने गरी म्याद थप भएको छ । कार्यसम्पन्न पश्चात रु.९४ लाख ९० हजार ९५१ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् -

१०१.१ **भेरिएसनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं. १० वडा कार्यालय निर्माण कार्यका निर्माण व्यवसायी भान्जा रिलायन्स निर्माण सेवासँग सँग रु.१,०६,२१,००० (मूल्य अभिवृद्धी कर समेत) मा सम्झौता गरेकोमा निर्माण कार्यको भेरिएसन गरी सम्झौता रकम रु.९६,१२,५८६.७८ (मुअकर समेत) कायम भएको देखिन्छ । उक्त भेरिएसन आदेश जारी गर्दा पालिकाले कानुन बमोजिम निर्माण कार्य गर्नुपूर्व प्राविधिक कारण र पुस्टंयाई संलग्न वेगर विल विजकको नापी गरे पश्चात विओक्यु परिमाण भन्दा वढि नापी भएको परिमाणलाई भेरिएसन गरी सम्झौता रकम वृद्धि गरेको देखिन्छ। पालिकाले भेरिएसन गर्दा लागत अनुमान गर्दा अनुमान गर्न नसकिने आइटममा मात्र भेरिएसन गर्नुको प्राविधिक प्रतिवेदनका आधारमा गर्नुपर्नेमा सो विपरीत भुक्तानीका समयमा वढि परिमाणलाई भेरिएसन गरी भुक्तानी गरेको मनासिव देखिदैन। यसरी भेरिएसन गर्दा वृद्धी भएको परिमाणलाई मात्र समावेश गरी भेरिएसन गरेको देखिन्छ । पालिकाले प्राविधिक पुस्टंयाई र प्रतिवेदनका आधारमा आवश्यक परिमाण भेरिएसन गरेरमात्र निर्माण कार्य गर्ने गराउने र सोका आधारमा भुक्तानी गर्नेतर्फ ध्यान जानु पर्दछ ।

१०१.२ **नापी किताब -**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **९,४९०,९५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०२ **ठेक्का नं. – MM/NCB/WORKS/१३/०७७-७८**

पालिकाले एकीकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको माई अस्पताल निर्माणका लागि ठेक्का नं MM/ NCB/works/ १३-२०७७/७८ मार्फ लागत अनुमान रु.१५ करोड ९१ लाख ५१ हजार ९४० रहेकोमा न्यूतम कबोल गर्ने निर्माण व्यवसायी ओमसाई राम एसएएस देवी जेभी सँग रु.१०,७०,२४,६९३।३८ (मूल्य अभिवृद्धी कर समेत) मा २४ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।३।३ मा सम्झौता भएको छ । निर्माण कार्यको ४ पटक म्याद थप गरी सम्पन्न गर्नुपर्ने अवधि मिति २०८१।०६।३० सम्म थप भएको छ ।उक्त निर्माण कार्यको दोस्रो पटक भेरिएसन गरी भेरिएसन पश्चात् को सम्झौता रकम रु.९ करोड ७६ लाख ९५ हजार ८६२ कायम गरेको देखिन्छ । कार्यसम्पन्न पश्चात यो बर्ष रु.५२ लाख ७९ हजार १२३ समेत हालसम्म रु.९ करोड ७२ लाख २७ हजार

५६१ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोराहरु देहाय बमोजिम रहेका छन ।

भेरिएसन: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले अस्पताल भवन निर्माणका लागि निर्माण व्यवसायी ओमसाई राम एसएएस देवी जेभी सँग रु.१०,७०,२४,६९३।३८ (मूल्य अभिवृद्धी कर समेत) मा सम्झौता गरेकोमा निर्माण कार्यको दोस्रो पटक भेरिएसन गरी सम्झौता रकम रु.९,७६,९५,८३२ (मुअकर समेत) कायम भएको देखिन्छ । उक्त भेरिएसन आदेश जारी गर्दा पालिकाले कानुन बमोजिम निर्माण कार्य गर्नुपूर्व प्राविधिक कारण र पुस्टंयाई संलग्न वेगर विल विजकको नापी गरे पश्चात विओक्यु परिमाण भन्दा वढि नापी भएको परिमाणलाई भेरिएसन गरी सम्झौता रकम वृद्धि गरेको देखिन्छ। पालिकाले भेरिएसन गर्दा लागत अनुमान गर्दा अनुमान गर्न नसकिने आइटममा मात्र भेरिएसन गर्नुको प्राविधिक प्रतिवेदनका आधारमा गर्नुपर्नेमा सो विपरीत भुक्तानीका समयमा वढि परिमाणलाई भेरिएसन गरी भुक्तानी गरेको मनासिव देखिदैन। यसरी भेरिएसन गर्दा वृद्धी भएको परिमाणलाई मात्र समावेश गरी भेरिएसन गरेको देखिन्छ । पालिकाले प्राविधिक पुष्टाई र प्रतिवेदनका आधारमा आवश्यक परिमाण भेरिएसन गरेरमात्र निर्माण कार्य गर्ने गराउने र सोका आधारमा भुक्तानी गर्नेतर्फ ध्यान जानु पर्दछ ।

१०३ **कार्यालयको काममा उपभोक्ता-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने, रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी प्रदान गर्न नसकिने वडा नं.५ को स्वास्थ्य केन्द्र भवन निर्माण योजना उपभोक्ता समिति मार्फत गराई गो.भौ.नं.१।२०८२-०३-१६ (अन्तर सरकारी अख्तियारी) बाट रु.३६,९०,१६३ भुक्तानी गरेको देखियो । हस्तान्तरण गर्न नमिल्ने कार्यालयको काम उपभोक्ता समिति मार्फत निर्माण गराई भुक्तानी दिएको मनासिब देखिदैन ।

१०४ **जनसिद्ध मावी भवन निर्माण -**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रदेश समपुरक अनुदानवाट जनसिद्ध आ.वि. भवन निर्माणका लागि लागत अनुमान रु.३,०५,३५,६३९.३७ ठेक्का नं MM /NCB//works/ ०१/२०८०/८१ मार्फत निर्माण व्यवसायी प्राश्ना गरीमा जेभी सँग रु.२,१७,१६,०५२।४१ (मूल्य अभिवृद्धी कर समेत) मा १२ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।११।१६ मा सम्झौता भएको छ । निर्माण व्यवसायीसँग भएको सम्झौता बमोजिम उक्त निर्माण कार्य २०८१।११।२६ मा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायीलाई यो वर्षको अन्त्यसम्म कार्यसम्पन्न पश्चात रु.२,०१,५९,५५६.२९ भुक्तानी गरेको छ । पालिकाले समपुरक अनुदान वाट प्राप्त भएको रकम समयमै ठेक्का वन्दोवस्त गरी सोही वर्षमा समाप्त गर्नुपर्नेमा स्रोतको सुनिश्चितता गरि चालु आर्थिक वर्षलाई दायित्व सृजना हुने गरी ठेक्का वन्दोवस्त गरी प्रदेश समपुरक अनुदानबाट भुक्तानी दिएको ँछ ।

रनिङ्ग बिल नं.	कार्यसम्पन्न रकम	पालिकाबाट भुक्तानी	प्रदेश समपुरक अनुदानबाट भुक्तानी
६	३४४१४०२	१८७३९६१	५६७४४१
७	२१८४२७२	-	२१८४२७२
		जम्मा	२७५१७१३

१०५ **भेरियसन आदेश –**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरियसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद

नियमावली, २०६४ को नियम ११८ मा भेरियसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। ठेक्का नं MM /NCB//works/ ०१/२०८०/८१ मार्फत निर्माण व्यवसायी जनसिद्ध मा.वि.भवन निर्माणको लागि प्राश्ना गरीमा जे.भी.सँगको सम्झौता रकम रु.२,१७,१६,०५२.४१ भएकोमा भरिएशन पश्चात रु.२,१२,०३,७३० कायम भएकोमा उक्त भेरियसन आदेशको प्राविधिक पूष्ट्याइ पूर्वानुमान गर्न सक्नेकार्यमा भेरियसन आदेश जारी गरेको मनासिव देखिएन ।

१०६ **अधुरो ठेक्का-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ सम्झौता कार्यान्वयन, १२१ मा तोकिएको अवधिमा कार्य सम्पन्न नभएको अवस्थामा हुने पुर्व निर्धारित क्षतिपुर्ति तथा नियम १२७ मा सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्न सकिने लगायतको व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का आहवान गरी सम्झौता भएको MM/NCB/WORKS/२३/०७९/८० ५ नं. वडा कार्यालय भवन निर्माण कार्यका लागत अनुमान रु. १,६६,२०,८३४.४३ रहेकोमा न्यूनतम रु. १,०६,११,३९१.८५ मा कबोल गर्ने निर्माण व्यवसायी ए.बि.सी. निर्माण सेवासँग प्रथम पटक म्याद थप सहित मिति २०८२-०३-२२ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता पश्चात हालसम्म रु.४८,५७,९७४.६३ भुक्तानी दिएकोमा निर्माण कार्यको म्याद समाप्त भएको अवस्थामा म्याद थप समेत भएको छैन। निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानत नं. PBGR423 NPR०1393 रु.२२,०३,७२८ को म्याद २०८३-०१-०१ मा समाप्त हुने उल्लेख छ ।यसरी अधुरो निर्माण कार्य रहदा प्रतिफल विलम्वित हुनुका साथै हालसम्मको लगानी समेत खेर जाने जोखिम रहन्छ। अधुरो ठेक्काको नियमानुसार सम्झौताको कार्यान्वयन हुनु पर्दछ।

१०७ **पेश्की जमानतको म्याद नाघेको –**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा आपुर्तिकर्ता, निर्माण व्यवसायि वा सेवाप्रदायकलाई ऐनको दफा ५२क को अधिनमा रहि खरिद सम्झौतामा व्यवस्था भए वमोजिम वाणिज्य वैकवाट अग्रिम वैक जमानत लिई पेश्की दिन सकिने र त्यसरी जारी भएको वैक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फस्यौर्ट गर्नुपर्ने अवधिभन्दा एक महिना वढी अवधिको हुनुपर्ने उल्लेख छ। ठेक्का नं. MM/NCB/WORKS/23/079/80 ५ नं. वडा कार्यालय भवन निर्माणका निर्माण व्यवसायी ए.बि.सी. निर्माण सेवाको पेश्की रु.८,५०,००० को अग्रिम बैंक जमानत ग्लोबल आई.एम.ई. बैंकको ग्यारेन्टी नं. APGR423 NPR००५८८ को मिति २०८१-१२-०१ म्याद समाप्त भएको र खरिद सम्झौता अवधि थप समेत नभएकोले नियमानुसार पेश्की असुल गरी फस्यौर्ट गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	८,५०,०००

१०८ **सम्झौता बमोजिमको पेश्की कट्टा नभएको -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं. MM/NCB/WORKS/२३/०७९/८० ५ नं. वडा कार्यालय भवन निर्माणका निर्माण व्यवसायी ए.बि.सी. निर्माण सेवालाई पेश्की गएको रु.१०,०६,००० गएकोमा निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं. ५७.३ Deductions from Payment Certificates will commence in the first certificate in which the value of works executed exceeds ३०% of the Contract Price. Deduction will be at the rate of २५% of the respective Monthly Interim Payment Certificate until such time as the advance payment has been repaid भन्ने उल्लेख भएकोमा छैठौँ रनिङ्ग बिल सम्म रु.४८५७९७४.६३ को कार्य प्रगती हुँदा रु.४,१८,६३९.११ पेश्की कट्टा गर्नुपर्नेमा रु.१,५६,००० मात्र कट्टा गरेकोले सम्झौताको शर्त विपरित रु.२,६२,६३९ घटी पेश्का कट्टा गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,६२,६३९

१०९ **स्वास्थ्य वीमा -**

स्वास्थ्य वीमा नियमावली,२०७५ मा प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारबाट अनुदान प्राप्त गरी वा आफ्नै स्रोतवाट आर्थिक रुपले विपन्न तथा गरिव लगायतका लक्षित वर्गको लागि स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्नसक्ने तथा सोको लागि नेपाल सरकारले

थप योगदान रकम नव्यहोर्ने उल्लेख छ । पालिकाले यस वर्ष विपन्न परिवारको स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत निम्नानुसारका विभिन्न वर्गका व्यक्तिको वीमा गरे वापत स्वास्थ्य वीमा वोर्डलाई रु.७१६४५०० भुक्तानी गरेको पाइयो ।

सि.नं.	विवरण	संख्या	दर	जम्मा रकम रु.
१	सामुदायिक विद्यालयका विद्यार्थी	१२४१	३५००।-	४३४३५००
२	दीर्घ रोगि	६३	३५००।-	२२०५००
३	अपाङगता भएका	१६६	३५००।-	५८१०००
४	लक्षित बर्ग	१५९	३५००।-	५५६५००
५	नियमित औषधि सेवन गर्ने	११८	३५००।-	४१३०००
६	गत बर्षको बाकि	३००	३५००।-	१०५००००
	जम्मा	२०४७		७१७४५००

विपन्न लक्षित वीमा कार्यक्रम भएता पनि वास्तविक विपन्न परिवार पहिचान नगरी वीमा कार्यक्रमा सञ्चालन गरेको पाइयो । यसरी विपन्न परिवारको वीमा कार्यक्रमको लागि विनियोजन भएको रकम खर्च गर्दा वास्तविक विपन्न परिवार एकीन नगरी सम्पूर्ण सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको परिवारको वीमा गर्नुको साथै ७० वर्ष माथीका जेष्ठ नागरिकको वीमाको प्रिमियम नेपाल सरकारले व्यहोरी रहेको अवस्थामा कार्यक्रमको उद्देश्य अनुरुप विपन्न परिवार पहिचान गरी स्वास्थ्य वीमाको दायरामा समेट्नुपर्नेमा सो नगरी पालिकाले दीर्घ रोगी तथा नियमिति औषधि सेवन गर्ने नागरिकलाई यस कार्यक्रममा समेटेको पाइयो । यसरी कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा दोहोरोपना हुने सक्ने हुँदा उद्देश्य अनुरुप वास्तविक लक्षित वर्ग पहिचान गरी कार्यक्रम सञ्चालन गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

११० **प्रकोप व्यवस्थापन कोष –**

पालिकाबाट जारी विपद् व्यवस्थापन कोष(सञ्चालन) कार्यविधि,२०७९ को दफा ९(१) बमोजिम यस कार्याविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा भएको रकम खर्च गर्न पाइने छैन:

(क) नियमित प्रशासनिक व्ययको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैर सरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलब,भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण वा खन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,विपदबाट प्रभावितलाई तोकिएबमोजिमको राहत रकम बाहेक अन्य कुनै पनि किसिमको चन्दा,पुरस्कार, उपहार वा सभासम्मेलन गराउन,

(घ) आकस्मिक रुपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास लगायतका ।

माथि उल्लिखित कार्यमा विपद व्यवस्थापन कोषको रकम खर्च गर्न नपाइने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधि विपरित निम्न कार्यमा रकम खर्च गरेको देखिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु.

सि.न.	गो.भौ.न/ मिति	कार्य	रकम रु.	कैफियत
१	५।२०८१-०६-२०	बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी	२५५०००	नियमित प्रकृतिको खर्च
२	६।२०८१-०६-२०	बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी	१६१२४४	नियमित प्रकृतिको खर्च
३	७।२०८१-०६-२२	बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी	९००००	नियमित प्रकृतिको खर्च
४	८।२०७१-०७-१२	बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी	९००००	नियमित प्रकृतिको खर्च
५	९।२०८१-०७-१३	बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी	९००००	नियमित प्रकृतिको खर्च
६	१०।२०८१-०७-१४	बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी	४५०००	नियमित प्रकृतिको खर्च
		जम्मा	७३१२४४	

अनियमित भएको	७,३१,२४४

१११ **मृत्यू पश्चातको भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२,६६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **७,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **४,४१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **९,३३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **३,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **९,७३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **३,१९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **५३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,०६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **७,६११**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२,९२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२,८३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,९१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **५,२१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

११२ **त्रैमासिक वितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ १० वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु. ३१६१९३६० दोस्रो त्रैमासिकमा रु. ३२००५३४९ तेस्रो त्रैमासिकमा रु. ३२५३२०६३ र चौथो त्रैमासिकमा रु. ३२८८३७९१ समेत रु. १२९०४०५६३ निकासा गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन ।

वडा न	पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
१	३३३५११६०	३३७९९१९	३४५५७७८	३४९६४७७	१३६६७३३४
२	३२२८८१५	३२९७४८५	३३०९७५६	३३०००५२	१३१३६१०८
३	२४०४८५४	२४६२६५७	२४९८१७७	२५१९६६७	९८८५३५५
४	३६९१०५४	३७२५१२७	३७४७०३०	३७३८२४५	१४९०१४५६
५	३८३४२५२	३८८४५१७	३८९८५२८	३९७४८६४	१५५९२१६१
६	३१०६६४३	३१२५०२५	३२५७४२४	३२७६७६६	१२७६५८५८
७	२७०२१००	२७४९२७२	२८१६३५४	२८४५१२७	१११११२८५३
८	३६४८१६१	३६८१२३८	३७८६४२३	३८९०७००	१५००६५२२
९	२८४९१८२	२८७८०९२	२८९८३१५	२९४८४५१	११५७४०४०
१०	२८१९१३९	२८२२०१७	२८६४२७८	२८९३४४२	११३९८८७६
जम्मा	३१६१९३६०	३२००५३४९	३२५३२०६३	३२८८३७९१	१२९०४०५६३

११३ **पारदर्शिता**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त

गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

११४ **लाभग्राहीः**

नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व.मा अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु संख्याभन्दा यस आर्थिक वर्षको अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु १४८ जनाले वृद्धि भएको देखिन्छ। यस आर्थिक वर्षमा १० वटा वडामा १ बैंक मार्फत रु.१२,९०,४०,५६३ सामाजिक सुरक्षा भत्ता वितरण गरी खर्च लेखेको छ । गत आ.व. र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको संख्या यस प्रकार रहेको देखिन्छ ।

लक्षित समूह	आ. व. २०७९ /८० को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या	आ. व. २०८०।८१ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या	आ. व. २०८१।८२ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या	मासिक भत्ता दर रु.
ज्येष्ठ नागरिक	१८८०	१९६७	२०७५	४०००
अन्य ज्येष्ठ नागरिक (दलित)	११६	१२७	१४०	२६६०
ज्येष्ठ नागरिक (एकल महिला)	१८१	१८९	१८०	२६६०
विधवा	२८०	३३७	३७०	२६६०
पूर्ण अपाङ्ग क वर्ग	६६	६५	७२	३९९०
आंशिक अपांग ख वर्ग	२२८	२३९	२५६	२१२८
दलित बालबालिका	१५१	१५६	१३५	५३२
लोपउन्मुख जाती	६	७	७	३९९०
जम्मा	२९०८	३०८७	३२३५	

११५ **अनुगमन तथा निरीक्षण/के वाइ सी अद्यावधिक नभएकोः**

क.सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ।पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

ख.सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निष्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा यकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

११६ **जनसिद्ध आ.वि. क्यान्टिन भवन तथा वाउण्ड्रि वाल निर्माण** -

लागत अनुमान रु. १७४,९८,१२३।– भएको ठेक्का नं ३-२०८१।८२ जनसिद्ध आ.वि. क्यान्टिन भवन तथा वाउण्ड्रि वाल निर्माण कार्यको लागी आचार्य कन्स्ट्रक्सनसंग २०८२।६।३० भित्र सम्पन्न गर्ने गरी २०८१ फाल्गुण २२ मा रु. ११०,११,८३९।४१ (मु.अ.कर र पि.एस समेत) को कोशी प्रदेश समपुरक अनुदान रहने गरी ठेक्का सम्झौता भएकोमा उक्त योजनाको यस आ.व.(तेश्रो रनिङ विल) मा रु. ९७,९४,९१७।– भुक्तानी भएको देखिन्छ। यस सम्वन्धमा देखिएका थप बेहोरा निम्नानुसार रहेको छ।

निर्माण कार्य - स्वीकृत ड्रईङ् डिजाईन अनुसार निर्माण कार्य गर्नु गराउनु पर्दछ । योजनाको २०७९।८० मा पेश भएको विस्तृत परियोजना प्रतिवेदनको ड्रईङ अनुसार टप टु वटम १३ थान पिल्लरको हाईट ५.१ (०.४०*०.४० मिटर को ११ थान र ०.३०*०.३० को २ थान) मिटर रहने गरी सम्झौता भएकोमा आईटम नं. ३ पिसिसि फर आरसिसि परिक्षण गर्दा ४.८ मिटर हाईटको निर्माण भएको पाईयो ।त्यसै गरी ईटाको वाल लगाउने कार्य ४ मिटर लगाउने उल्लेख भएकोमा ३.९ मिटरको वाल निर्माण गरिएको देखिन्छ। पालिकाले ड्रईङ् तथा डिजाईन अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

११७ **माई पर्या-पर्यटन शहर विकास परियोजना** -

ठेक्का नं १४-२०७७।७८ माई पर्या-पर्यटन शहर विकास परियोजना निर्माण कार्यको लागी एपेक्स खनाल जे.भी.संग २०८० पौष १३ भित्र सम्पन्न गर्ने गरी २०७८ असोज १३ मा रु. ४,१७,५९,४२९।५९ (मु.अ.कर र पि.एस समेत) को ठेक्का सम्झौता भएकोमा देखिएका थप बेहोराहरु निम्नानुसार छन्

११७.१ **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद समझौताको शर्त वमोजिम खरिद सम्झौता कार्यान्वयन गर्नु गराउनुपर्ने ब्यवस्था छ। सो आयोजना सञ्चालनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ६५ प्रतिशत रु.२,७१,४१,६२९।२३ र माई नगरपालिकाको ३५ प्रतिशत रु.१,४६,१५,८००।३६ को लागत साझेदारीमा सञ्चालन गर्ने गरी स्विकृत योजनाको सम्बन्धमा वोलपत्रको माध्यमबाट रु. ४,१७,५९,४२९।५९ मा कार्यसम्पन्न गर्न गरी मिति २०८०।०९।१३ मा निर्माण कार्य सम्पन्न हुने गरी ठेक्का सम्झौता भएकोमा मन्त्रालयबाट ६५ प्रतिशतले रु.२,७१,४१,६२९।२३ को साझेदारी रकम प्राप्त हुनुपर्नेमा आ.व. २०७९।८० सम्ममा रु.९५,६९,०९०।- मात्र निकासा भएको र वाकी रकम रु.१,७५,७४,५३९।२३ सो आ.व. पश्चात हालसम्म निकासा भएको देखिएन ।उक्त निर्माण कार्यको आठौ रनिङ वीलको मिति २०८०।९।१० मा प्राबिधिक मूल्याङ्कन भई भुक्तानी वाँकी राखि यस आ.व. भौ.नं. २-२०८१।५।१६ वाट रु. १६,२०,९७९ भुक्तानी भएको पाईयो। उक्त योजनाको विस्तृत परियोजना प्रतिवेदन अनुसार कार्य भए नभएको सम्वन्धमा उक्त प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले यकिन गर्न सकिएन। यस वर्षसम्म (आठौ रनिङ वील) मूल्य समायोजन वाहेक रु. २,९१,६०,०५०।९१ भुक्तानी भएको देखिन्छ। पालिकाको साझेदारी वापतको रकम बराबर खर्च गरिसकेको र मन्त्रालयबाट आ.व. २०८०।८१ देखि रकम निकासा नहुदा निर्माण व्यवसायीले मिति २०८०।०९।१० सम्ममा गरेको कामको मिति २०८०।०९।१० मा मुल्याङ्कन गरी वजेट तथा स्रोत सुनिश्चितताको अभावका कारण भुक्तानी बाँकीका रुपमा राखि भुक्तानी गरेको साथै रकम निकासा नहुदाँ निर्माण कार्यको म्याद थप तथा बैंक जमानत थपको प्रकृया अगाडी बढाएको देखिएन । सम्झौता अवधि भित्रको प्राविधिक मुल्याङ्कन सहित नापी भैसकेको नापी बमोजिमको रकम मिति २०८१।०५।१६ मा भुक्तानी भएको र पालिकाबाट साझेदारी रकम निकासाका लागी मन्त्रालयलाई विभिन्न मितिमा प्रगति प्रतिवेदन

सहित पेश गरेकोमा मन्त्रालयबाट वजेटको सुनिश्चितता तथा रकम निकासा नहुँदा उक्त योजना सम्पन्न हुन नसकेको पालिकाको भनाई रहेको छ । प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

११७.२ **विमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाभन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने तथा सम्झौताको शर्तको १९.१ मा निर्माण ब्यवसायीले त्रुटि सच्याउने अवधी सम्मको काम, प्लान्ट र सामाग्रीको नोक्सानी वा क्षतिको लागी न्युनतम वीमाकभर सम्झौता रकमको ११५ प्रतिशत हनुपर्ने उल्लेख छ। उक्त निर्माण कार्यको बिमा पोलिसी नं. ILM/21/22/CAR/00021 शुरु सम्झौता अवधि २०८० पौष १३ थप DLP period सम्म मात्र रहेको छ। अत नियमानुसार बीमा गराई जोखिम व्यवस्थापन गर्नु गराउनु पर्दछ।

११७.३ **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ (द१) मा १५ प्रतिशतसम्म घटेको कवोल अंकको ५ प्रतिशतले कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ र सो भन्दा वढी घटेमा घटेको रकमको ५० प्रतिशत थप कार्य सम्पादन जमानत राख्नुपर्ने तथा सम्झौताको शर्त ५८.१ मा त्रुटि सच्याउने अवधिको थप ३० दिन सम्मको अवधी भएको कार्यसम्पादन जमानत पेश हुनुपर्ने उल्लेख छ। उक्त निर्माण कार्यको कृषि बिकास वैङ, ईलाम शाखाको PB009/0012/5361/21 २०८१ चैत्र ८ सम्मको रु.१०९,२५,०३९।– को कार्यसम्पादन जमानत रहेको छ। कार्यसम्पादन जमानतको म्याद सकिएकोले ऐन वमोजिम म्याद थप गर्नुपर्दछ।

११८ **निर्माण कार्यको विमा** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाभन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने तथा सम्झौताको शर्तको १९.१ मा निर्माण ब्यवसायीले त्रुटि सच्याउने अवधी सम्मको काम, प्लान्ट र सामाग्रीको नोक्सानी वा क्षतिको लागी न्युनतम वीमाकभर सम्झौता रकमको ११५ प्रतिशत हनुपर्ने उल्लेख छ। लगत अनुमान रु. ४५,६७,९७१।– भएको ठेक्का नं १-२०८१।८२ साततले सडक, साबिक २ नं. नम्वर गौरव सडक र सुखानी सडकको धरमपुर-कट्टेलताल-गंगटे-वुढि खण्ड स्तरोन्नती कार्यको लागी भोज्क निर्माण सेवासंग २०८२।२।३० भित्र सम्पन्न गर्ने गरी २०८१ फाल्गुण २१ मा रु. २९,५७,४०३।४३ (मु.अ.कर र पि.एस समेत) को ठेक्का सम्झौता भएकोमा निर्माण ब्ययसायिले उक्त निर्माणकार्यको सम्झौता अवधि र ४ महिना थप अवधिको मात्र वीमा पोलिसी पेश गरेको पाईयो। खरिद नियमावली एवं सम्झौताको शर्त वमोजिम वीमा गरी जोखिम ब्यवस्थापन गर्नुपर्दछ।

११९ **सीप क्षमता र जीवन उपयोगी सीप विकास तालिमः**

भौ.न. ११०।२०८२।१।३ बाट सीप क्षमता विकास तथा जीवन उपयोगी तालिम सञ्चालन गरे वापत सम्झौता अनुसारको रकम रु ५४१६८६ सेवाप्रदायक पाथिभारा प्रोफेशनल एजुकेशन प्रा.लिलाई पालिकाले भुक्तानी दिएको छ । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

- **लाभग्राहीको छनौटः** युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा १७ मा न्युनतम रोजगार कार्यक्रममा सहभागी हुन इच्छुक श्रमिकले श्रमको लागि सम्बन्धीत वडामा निवेदन दिएको अवस्थामा बेरोजगार सुचिमा सुचिकृत श्रमिकलाई कार्यविधिको दफा ६ बमोजिम १८-४० वर्षका उमेर समुहबाट ६० प्रतिशत तथा महिला समुहबाट ४० प्रतिशत सुनिश्ति हुने गरी मुल प्राथमिकताको आधारमा लाभग्राही छनौट गर्ने व्यवस्था छ । तर पालिकाले कार्यविधिको दफा ३२ बमोजिम ४० दिन सम्मको कार्यस्थलमा आधारित सिप विकास र १० दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल ५० दिन सम्मको प्लम्बिङ्ग तथा व्युटिशियन तालिमको लागि छनौट गरिएको विभिन्न ३९ जना लाभग्राही के कुन मापदण्डको आधारमा छनौट भएका हुन साथै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको योजनामा कसरी परिचालन गर्ने हो सो सम्बन्धी विश्लेषण नगरी कार्यक्रम सम्पादन गरेको देखियो । यसरी कार्यविधिमा भएको प्रावधान विपरीत हुने गरीएको कार्यसम्पादनबाट अपेक्षित लक्ष्य पुर्ति हुने देखिएन । यसमा पालिका विशेष ध्यान दिनुपर्छ ।

- **सेवाप्रदायकको छनौटः** युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३३ र ३४ मा भएको व्यवस्था को आधारमा पाठ्यक्रम निर्धारण गरि, कार्यविधिको दफा ३५ को उदफा २ बमोजिम नेपाल सरकारबाट सञ्चालन भएका सीप विकास प्रतिष्ठान मार्फत वा निजी तालिम प्रदायक संस्थाबाट सेवा लिने गरी सेवाप्रदायकको छनौट गर्नुपर्नेमा बिना पाठ्यक्रम तथा विस्तृत कार्यविवरणको आधारमा गरेको बोलपत्र आहवानको आधारमा निवेदन परेको विभिन्न ११ जना सेवाप्रदायक मध्ये सबभन्दा कम कबोल गरेको पाथिभारा प्रोफेशनल एजुकेशन प्रा.लिलाई सम्झौता अनुसार दिएको भुक्तानी रु ४९९६४० सम्झौता मुताविक खर्च गरेको नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन भएको देखिएन । यस सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्छ ।

१२० **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

१२०.१ तालिमवापतको भुक्तानीः अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वयन गर्न उपलब्ध गराइएको अनुदान रकम तोकिएको कार्यक्रममै खर्च गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २७(२) मा रोजगार उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमखुले उपलब्ध गराएको रोजगारीको दिनका आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३२(२) बमोजिम तालिममा सहभागी लाभग्राहीलाई दफा २७(२) अनुसार रोजगारमा खटिए पश्चात प्रत्येक दिन काम सुरु हुँदाको समय र काम सकेपछि कार्यस्थलमा गरेको हाजिरीको आधारमा निजलाई दैनिक ज्याला दरको आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले ४० दिन सम्मको कार्यस्थलमा आधारित सिप विकास र १० दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल ५० दिन सम्मको तालिम लिएका ३९ जना श्रमिकहरुलाई तालिममा सहभागी ५० दिनको लागि प्रतिदिन रु.६६८ को दरले सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन सम्बन्धी मार्गदर्शको दफा ५ अनुसार तालिममा खटिए वापत सम्बन्धित लाभग्रीहीको खातामा हाजिरीको आधारमा भुक्तानी गर्नुपर्ने भनि प्रावधानको आधारमा कुल रु. १३०२६०० काममा खटिएको सरह मुल्यांकन गरी भुक्तानी दिएको छ । तालिममा सम्मिलित भएका उपरोक्त श्रमिकहरुलाई काममा खटाई काम गरेको दिनको हाजिरीको आधारमा निजलाई पारिश्रमिक भुक्तानी दिएको सुनिश्चित हुनुपर्दछ ।

भौ नं	कार्यक्रमको नाम	लाभग्राही संख्या	जम्मा तालिम अवधि	पारिश्रमिक भुक्तानी दर	कुल भुक्तानी रकम
११०।२०८२।१।३	सीप विकास तथा जीवन उपयोगी	३९ जना	५० दिन	६६८	१३०२६००

१२०.२ **कार्यस्थलमा आवश्यक सामाग्रीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं ७५।२०८१।११।१३ बाट प्रियान्स ट्रेड एण्ड सप्लार्यसबाट देहायबमोजिमको निर्माण सामाग्रीहरु खरिद गरि प्रधानमन्त्री रोजगार अन्तर्गतका विभिन्न उभोक्ता समितिलाई वितरण गरेकोमा उक्त उपभोक्ता समितिले कार्यस्थलमा खटिने श्रमिकहरुलाई वितरण गरेको प्रमाण पेश गरेको छ ।उक्त समाग्रीको निरन्तर प्रयोगको सुनिश्चित हुनुपर्दछ ।

भौ. नं	सामाग्रीको विवरण	परिमाण	दर	कुल रकम
७५।२०८१।११।१३	सेफ्टी हेल्मेट	८० गोटा	२२५	१८०००
	गम्बुट	८० गोटा	५९५	४७६००
	सेफ्टी ज्याकेट	८० गोटा	५९०	४७२००
	वेल्डिङ्ग गुगल्स	८० गोटा	२१२	१६९६०
	फर्सट एड	४० सेट	११६०	४६४००
जम्मा				१७६१६०
मु. अ . कर				२२९००
जम्मा				१९९०६०

१२०.३ **कार्यक्रमको दिगोपना-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।पालिका अन्तर्गत १० वडामा १९ योजना सञ्चालन गरी यस वर्ष ९१ जनालाई औसत ८०.५४ दिनले ७३३० दिन रोजगारी उपलव्ध गराई रु ४८९६४४० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

श्रमिकको छनौटको मापदण्डः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम श्रममा खटाइने श्रमिक बेरोजगार सुचिमा दर्ता भएको हुनुपर्छ ।दर्ता भएको सुचिकृतहरु मध्ये श्रमिकहरुबाट प्राथमिकताको आधारमा रोजागार दिई निजहरुको जिवनस्तरमा सुधार ल्याउनुपर्छ ।पालिकाको भनाई बमोजिम बेरोजगार सुचिमा १९६५ व्यक्तिहरुको नाम दर्ता भएको छ भन्ने ति मध्ये आ. व २०८१।०८२ मा ९१ जना श्रमिक खटाई काम गराएको छ । यसरी श्रमिक छनौट गर्दा निश्चित प्राथमिकताको सुचक केलाई आधार मानियो सो सम्बन्धमा केहि उल्लेख भएको देखिएन ।

प्रधानमन्त्री रोजगार अन्तर्गत प्राप्त बजेट र पालिकाले नियमित तरिकाले उपभोक्ता समितिमार्फत गरिने निर्माण कार्यमा संयुक्त बजेट खर्च गर्ने गरी योजना सञ्चालन गरेको पाइयो । प्रधानमन्त्री रोजगार अन्तर्गत प्राप्त बजेटबाट योजनामा खटिने श्रमिकको ज्यालामा मात्र खर्च गर्ने गरी कानुनी व्यवस्था रहेकोमा सोही अनुसार सम्पादित योजना निर्माणको कुन कुन कार्यमा कति लागत प्रधानमन्त्री रोजगार अन्तर्गतको श्रमिकहरुको ज्यालामा खर्च भएको हो सो देखिने गरी कार्यको वर्गिकरण राखेको पाइएन । तसर्थ यसबाट निर्माण कार्यमा खटिएको श्रमिकहरुलाई निजको दैनिक हाजिरीको आधारमा मात्र गरिएको खर्च प्रधानमन्त्री रोजगार अन्तरगतको रहे नरहेको सुनिश्चित हुन सकिएन । उपरान्त निर्माण कार्य गर्दा ज्यामीको श्रममा भएको खर्च, निर्माण सामाग्रीमा भएको खर्च आदिको तेरिज स्पष्ट रुपमा देखिने गरी अभिलेख व्यवस्थापन गर्नुपर्छ ।

१२१ **लघु उद्यम कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार

भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरिवी निवारण अन्तरगतको देहायको कार्यक्रम संचालन गर्नुपूर्व लाग्ने खर्च लागत, समय लागत तथा लाभग्राही छनौट सम्बन्धी मापदण्ड आदि विस्तृत विवरण खुल्ने गरी कार्ययोजना स्वीकृत गर्नुपर्नेमा सो अनुसारको स्वीकृत लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरेको देखिएन । यसरी स्वीकृत लागत अनुमान तथा कार्ययोजना वेगर विभिन्न मितिमा मितिमा विभिन्न संख्यामा लाभग्राहीहरु संलग्न गराई कार्य सम्पादन गरी पेश गरेको खरिद सम्बन्धी विलहरु, खाजा खानाका विल विजकहरु, तालिम सामाग्री सम्बन्धी विल विजकहरु तथा प्रशिक्षक भत्ता सम्बन्धी विजकहरु ठिक भए नभएको सम्बन्धमा यकिन हुन सकिएन । गरिबी निवारण अन्तर्गतको लघु उद्यम कार्यक्रमको लागि संघीय सरकारबाट प्राप्त शसर्त अनुदानको लागि कार्यपालिकाबाट रु. १३०००००० को एकमुष्ट लागत अनुमान स्वीकृत गराएतापनि पुन पालिकाबाट सोही कार्यक्रमको विभिन्न मितिमा भएको थप भुक्तानीबाट कार्यक्रमको खर्च लागत, समय लागत तथा लाभग्राहीहरुको संख्यामा थपघट भई कार्यसम्पादन भएको जानकारी प्राप्त भए अनुसार सोही अनुसार कार्यक्रमको लागि शुरु लागत अनुमान तथा कार्ययोजना परिमार्जन गरी सोही अनुसारको कागजात प्रमाण स्पष्ट रुपमा नथ्थी गरी अभिलेख राख्नुपर्नेमा सो अनुसार राखेको पाइएन ।तसर्थ यसरी शुरु लागत अनुमान तथा कार्ययोजना भन्दा बढी लागत तथा फरक तरिकाले काम सम्पादन गर्दा सोही अनुसार लागत अनुमान तथा कार्ययोजना परिमार्जित गरी सोही अनुसारको कार्य पुष्टी हुने गरी आवश्यक विल विजकहरु एकत्रित गरी व्यवस्थित गर्नुपर्छ। तसर्थ पालिकाले यस सम्बन्धमा यकिन गरि नियमित गर्नुपर्छ ।

भौ नं	कार्यक्रमको नाम	भुक्तानी खर्च
१४१।२०८२।२।१९सशर्त	नयाँ लघु उद्यम कार्यक्रम	५३१७१५
३७१।२०८२।२।१९ पालिका	नयाँ लघु उद्यम कार्यक्रम	३५३३६६
३८।२०८२।२।१९ पालिका	नयाँ लघु उद्यम कार्यक्रम	५२७००
८७।२०८१।१२।१२ सशर्त	स्तरोन्नति लघु उद्यम कार्यक्रम	२४००००
२६१।२०८१।१२।१२	स्तरोन्नति लघु उद्यम कार्यक्रम	१६३५८६
२६०।२०८१।१२।१२	स्तरोन्नति लघु उद्यम कार्यक्रम	१५००००
७७।२०८१।११।१४	नयाँ लघु उद्यम कार्यक्रम	३८८२८५
जम्मा		१८७९६५२

अनियमित भएको	१८,७९,६५२

१२२ **फरक नर्मसः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका देहायको योजनाहरुमा देहायको कार्य गर्दा स्थानीय तहमा गरिने निर्माण कार्यको लागि स्थानिय तहमा तर्जुमा गरिएको नर्मस अनुसार देहायको कार्यमा देहायको दरले भुक्तानी गर्नुपर्नेमा फरक नर्मशको प्रयोग गरी भुक्तानी दिएको देखियो जसकारण उक्त कार्यमा पालिकालाई थप व्ययभार भएको छ । तसर्थ यसरी किफायती तबरले भुक्तानी नगरी गरिको कार्य कानुन सम्मत देखिएन । तसर्थ यसरी नर्मसमा तोकिएको भन्दा फरक दरले दिएको भुक्तानी वापतको रकम नियमसम्मत देखिएन ।

भौ नं	वडा नं	काम (Item)	योजना	परिमाण	दिएको दर रु .	दिनुपर्ने दर रु .	बढी भुक्तानी रु .
१६४।२०८२।३।३	२	Earthwork excavation	रमिते डाँडा जाने वाटो मर्मत	४०६. ९८घ मि	५०१	३३४	६३८९५
१७०।२०८२।३। ०५	१०	Earthwork excavation	मर्मत संभार	२६३ घ. मि	५०१	३३४	४३९२१
१६६।२०८२।३। ०३	१ र ९	Earthwork excavation	सडक मर्मत	४६७.१५	५०१	३३४	७८०१४
१६८।२०८२।३।५	५	Earthwork excavation	मर्मत तथा सरसफाई	३९८।६१	५०१	३३४	६६५६७
१६९।२०८२।३।५	३	Earthwork excavation	मर्मत तथा सरसफाई	२७४.३	५०१	३३४	४५८०८
जम्मा							२९८२०५

अनियमित भएको	२,९८,२०५

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : माई नगरपालिका, इलाम , माई नगरपालिका , इलाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चिरन्जीवि भट्टराई	२०८१-११-१८	हाल सम्म कार्यरत
लेखा प्रमुख	अशोक कट्टेल	२०७६-११-७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,६३६,२४६	७,७३०,१३५	१०,४३४,८८९	०	०	५०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२१,८५१,२७०
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१२,३८७,७६१
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					९,४६३,५०९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४६२१९११०.४४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४६१३२९०८	चालु खर्च	३५२७४६३६८.५२
प्रदेश सरकारबाट अनुदान	३५४९२०००	पूँजीगत खर्च	१२२५४८२३०
राजश्व बाँडफाँट	११६२२०८७३.२७	वित्तीय/अन्य व्यवस्था	२००८००८१६.२७
आन्तरिक आय	१५६४७८८३.२२		
अन्य आय	१६५२९८०७८.०१		
कुल आय	६७८७९१७४२.५०	कुल खर्च	६७६०९५४१४.७९
बाँकी मौज्दात		४८९१५४३८.१५	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		११,८६,४४,२५१.७२	०	११,८६,४४,२५१.७२	११,३२,२५,२६७.८५	०	११,३२,२५,२६७.८५
१३०००	अनुदान		३४,९०,८४,७६४.००	०	३४,९०,८४,७६४.००	३७,८१,८४,९७३.३४	०	३७,८१,८४,९७३.३४
१४०००	अन्य राजस्व		१,५१,८०,४९३.७४	०	१,५१,८०,४९३.७४	१,०९,३५,६२९.९०	०	१,०९,३५,६२९.९०
१५०००	विविध प्राप्ति		१,११,४५८.८०	०	१,११,४५८.८०	२,४८,३९६.७७	०	२,४८,३९६.७७
क	कुल जम्मा प्राप्ति		४८,३०,२०,९६८.२६		४८,३०,२०,९६८.२६	५०,२५,९४,२६७.८६		५०,२५,९४,२६७.८६
३	चालु		३५,२७,४६,३६८.५२	०	३५,२७,४६,३६८.५२	३४,८३,४०,३५४.९०	०	३४,८३,४०,३५४.९०
२१०००	पारिश्रमिक / सुविधा		२२,१५,२५,२९७.४५	०	२२,१५,२५,२९७.४५	२१,१४,५२,१७२.९८	०	२१,१४,५२,१७२.९८
२२०००	मालसामान तथा सेवाको उपयोग		९,८५,१०,९७७.०७	०	९,८५,१०,९७७.०७	१०,७८,०२,८७८.९२	०	१०,७८,०२,८७८.९२
२५०००	सहायता (Subsidy)		१,६५,९०,४६१.००	०	१,६५,९०,४६१.००	२,०५,००,७८४.००	०	२,०५,००,७८४.००
२७०००	सामाजिक सुरक्षा		१,५१,३९,२३३.००	०	१,५१,३९,२३३.००	४७,७४,६८५.००	०	४७,७४,६८५.००
२८०००	अन्य खर्च		९,८०,४००.००	०	९,८०,४००.००	३८,०९,८३४.००	०	३८,०९,८३४.००
४	पूंजीगत		१२,२५,४८,२३०.००	०	१२,२५,४८,२३०.००	१८,५५,८९,०९१.००	०	१८,५५,८९,०९१.००
३१११०	भवन तथा संरचना		२,५५,५३,३२७.००	०	२,५५,५३,३२७.००	१,६६,७५,०००.००	०	१,६६,७५,०००.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३९,४३,६६३.००	०	३९,४३,६६३.००	३२,०४,११६.००	०	३२,०४,११६.००
३११३०	अन्य पूँजीगत		९,९०,२२२.००	०	९,९०,२२२.००	४६,१०,००७.००	०	४६,१०,००७.००

	खर्च							
३११५०	सार्वजनिक निर्माण		९,०३,०४,९५२.००	०	९,०३,०४,९५२.००	१६,१०,९९,९६८.००	०	१६,१०,९९,९६८.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		१७,५६,०६६.००	०	१७,५६,०६६.००	०	०	०
ख)	कुल जम्मा भुक्तानी		४७,५२,९४,५९८.५२		४७,५२,९४,५९८.५२	५३,३९,२९,४४५.९०		५३,३९,२९,४४५.९०
ग)	बचत /कमी (ग = क-ख)		७७,२६,३६९.७४		७७,२६,३६९.७४	(३,१३,३५,१७८.०४)		(३,१३,३५,१७८.०४)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(५०,३०,०४२.०३)		(५०,३०,०४२.०३)	६५,४५,३१०.०१		६५,४५,३१०.०१
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		२६,९६,३२७.७१		२६,९६,३२७.७१	(२,४७,८९,८६८.०३)		(२,४७,८९,८६८.०३)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,६२,१९,११०.४४		४,६२,१९,११०.४४	७,१०,७०,२४८.४७		७,१०,७०,२४८.४७
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४,८९,१५,४३८.१५		४,८९,१५,४३८.१५	४,६२,८०,३८०.४४		४,६२,८०,३८०.४४

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा अबण्डा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट

कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- म्याद नाघेको पेश्कीको विवरण पालिकाले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराइ बेरुजु फर्स्यौट गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउने साथै एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।